# g]kfn lwtf]kq af]8{

## *jflif{s k|ltj]bg*

cflys{ jif{ @)&)÷&!

# g]kfn lwtf]kq af]8{

*Ps :jR5, kf/bzL{ hjfkmb]xL, ljZj;gLo, ultzLn*

*Pj+k|lt:kwL{lwtf]kq ahf/sf]ljsf;df kþf;/t !!!*

# नेपाल धितोपत्र बोर्ड

## बोर्डका पदाधिकारी तथा सदस्यहरु(आ.व. २०७०/७१ मा)



**श्री बाबुराम श्रेष्ठ**
अध्यक्ष
नेपाल धितोपत्र बोर्ड



**श्री जन्मजय रेग्मी, सदस्य**
सह-सचिव
प्रतिनिधी,नेपाल सरकार
अर्थ मन्त्रालय



**श्री डिल्लीराज घिमिरे, सदस्य**
सह-सचिव
प्रतिनिधी,नेपाल सरकार
कानुन न्याय, संविधान सभा तथा संसदीय व्यवस्था मन्त्रालय



**श्री भाष्करमणी ज्ञवाली सदस्य**
कार्यकारी निर्देशक
प्रतिनिधी, नेपाल राष्ट्र बैंक



**श्री नरेन्द्र भट्टराई, सदस्य**
उपाध्यक्ष
प्रतिनिधी, नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था



**श्री प्रदिपजंग पाण्डे, सदस्य**
उपाध्यक्ष
प्रतिनिधी, नेपाल उद्योग बाणिज्य महासंघ



**डा. रेवत बहादुर कार्की, विज्ञ सदस्य**
नेपाल सरकारबाट मनोनित

# नेपाल धितोपत्र बोर्ड

## बोर्डका वर्तमान पदाधिकारी तथा सदस्यहरु



**श्री बाबुराम श्रेष्ठ**
अध्यक्ष
नेपाल धितोपत्र बोर्ड



**श्री रामशरण चिमोरिया, सदस्य**
सह-सचिव
प्रतिनिधी,नेपाल सरकार
अर्थ मन्त्रालय



**श्री डिल्लीराज घिमिरे, सदस्य**
सह-सचिव
प्रतिनिधी,नेपाल सरकार
कानुन न्याय, संविधान सभा तथा संसदीय
व्यवस्था मन्त्रालय



**डा. मिनबहादुर श्रेष्ठ, सदस्य**
कार्यकारी निर्देशक
प्रतिनिधी, नेपाल राष्ट्र बैंक



**श्री प्रकाश लम्साल, सदस्य**
उपाध्यक्ष
प्रतिनिधी, नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था



**श्री दिनेश श्रेष्ठ, सदस्य**
उपाध्यक्ष
प्रतिनिधी, नेपाल उद्योग बाणिज्य महासंघ



**डा. रेवत बहादुर कार्की, विज्ञ सदस्य**
नेपाल सरकारबाट मनोनित

# नेपाल धितोपत्र बोर्ड
## व्यवस्थापन



**श्री बाबुराम श्रेष्ठ**
अध्यक्ष



**निरज गिरी**
निर्देशक



**परीष्टनाथ पौड्याल**
निर्देशक



**विनयदेव आचार्य**
उपनिर्देशक



**डा. नवराज अधिकारी**
उपनिर्देशक



**मुक्तीनाथ श्रेष्ठ**
उपनिर्देशक

# cWolfsf]dGtJo

lwtf{kq ;DaGwL P{g, @)^# sf] bkmf @^ df ePsf] Joj:yf cg';f/ cfly{s jif{ @)&).&! sf] g]kfn lwtf{kq af]8{sf] jflif{s k|ltj]bg ;dodf g}k|sfzg ug{kfpFbf ;DalGwt ;a}nfO{ vz|L JoQm ug{ rfxG5' . o; jflif{s k|ltj]bgdf af]8{af6 cfly{s jif{ @)&).&! df ePsf sfdsf/jfxLx?, lwtf{kq ahf/sf] cj:yf, lwtf{kq Joj;foL tyf ;"rLs[t ;+:yf ;DaGwL ;"rgf tyf ;/sf/ ul/Psf] 5 .

k"FhL ahf/sf] ljsf; / nufgLstf{x?sf] lxt ;+/If0f ug{ clek|]l/t af]8{n] /fhwfgL aflx/ nufgLstf{ pBdLx?nfO{ k"FhL ahf/ ;DaGwL 1fg Pj+ hfgsf/L kbfg ug{ p2]Zo ljut aif{x?df h:t} o; aif{ ;d]t k'/{ d]rL bvf k|Zrd dxfsfnL;Dd b'z{ sf ljeGg :yfgx?df k"FhL ahf/ ;DaGwL hgr]tgf clea[4 tyf nufgLstf{ k|lzIf0f sfo{qmdx? ;+fng u/]sf] lyof] . o:tf sfo{qmdx?df pBdLx?, Joj;foL, sd{rf/L tyf ;j{;fwf/0fx?af6 ePsf] pT;fxhgs ;xeflutfn] k"FhLahf/k|lt ;j{;fwf/0fsf] Wofgfs{if0f ePsf] b]lvG5 . lwtf{kq ahf/sf nufgLstf{x?sf] ;d:of, ub{f;f, ;Nnfx / ;'emfj ;xh ?kdf k|fKt ug{ ;lsof];\ eGg] p2]Zon] o; cfly{s jif{b]lv af]8{df lgzNs x6nfO{g 6]lnkmf]gsf] Joj:yf ul/Psf] 5 . k"FhLahf/sf] la:tf/df s]bL|o lgIf]k ;]jfsf] dxTjk"0f{ elDsf /xg] kl/k]odf o; nfO{ ;+fngdf Nofpg af]8{n] lwtf{kqsf] s]bLo lgIf]k ;]jf lgodfjnL, @)^& sf] Joj:yf adf]hd o; cfly{s jif{df !$ j6f sDkgLx?nfO{ lgIf]k ;b:osf] ?kdf btf{{ u/]sf] 5 . lgIf]k ;b:ox? dfkm{t nufgLstf{x?nfO{ lwtf{kqdf nufgL ug{ cem} ts vftf vf]nL lwtf{kqsf] s]bL|o lgIf]k k|0ffnLdf cfj4 xg] cj;/ kbfg xG5 . o;/L af]8{n] ahf/ lasf;sf nflu u/]sf pk/f]Qm fg';f/sf sfo{x?sf] kmn:j?k k"FhLahf/k|lt nufgLstf{x?sf] laZjf;df clea[4 tyf ;xeflutfdf j[4 eO{ ut cfly{s aif{sf] cGtdf %!*=## df /x]sf] g]k;] kl/;"rs cfly{s aif{ @)&)÷&! sf] cGtdf !)#^=!! laGbdf kU]sf] 5 . g]kfn :6s PS;r]hsf] laBdfg sf/f]af/ k|0ffnLsf] lfdtf clea[4L u/L k"0f{:jrfnIt OG6/g]6df cfwfl/t cgnfO{g k|0ffnL agfpg] sfo{;d]t b|t ultdf cufl8 a9L/x]sf] 5 . ;du]df of] jif{ahf/sf] cj:yf pT;fxa4{s ePsf] kf0f{sf] 5 . o;sf cltl/Qm b'z{sf ljleGg lf]qsf hg;dbfoaf6 lwtf{kqsf] v/Lb laqmL ;]jf :yfgLo :t/af6 g} ug{ kfpgkg{ h:tf rg'f}tLk"0f{dfux? klg a9b}uO/x]sf] 5 .

nufgLstf{x?sf] hfj{Ld axg lfdtf cg';f/sf] lwtf{kq cf}hf/x?df laljlws/0f ljsf;s}qmddf /x]sf] 5 . ;l"rs[t ;+:yf ;+:yfx?sf] lwtf{kq ahf/ ;"rgf kj{fx tyf ;+:yfut ;'zf;gsf] l:ylt ;'wf/f]dv /x]sf] 5 . a:t' ahf/sf] lgodg lwtf{kq af]8{n] ug{k[7eldd pQm ahf/sf] lgodgsf nfuL cfjZos sfg"gL k'/f{wf/ tof/ u/L xfn ;+fngdf /x]sf ;+:yfx?nfO{ lgodg bfo/fdf Nofpg' rg'f}tLk"0f{ sfo{/x]sf] 5 . ;l"rs[t ;+:yf, lwtf{kq Joj;foL tyf ahf/sf cGo k'/f{wf/x?sf] a[4L ;F;F} lwtf{kq af]8{sf] ;+:yfut lfdtf clea[4 ug{ sfo{ rg'f}tLk"0f{ /x]sf] 5 . cufl8 b]lvPsf oL rg'f}tLx?nfO{ s'zntfk"j{s ;fdgf ub}{ Ps :jR5, ljZj;gLo, kf/bzL{ hjfkmb]xL, ultzLn tyf k|t:kwL{ lwtf{kq ahf/ lasf; tyf lj:tf/sf] cfkmgf]nlo k|fKt ug{ af]8{ lg/Gt/ k|ltj4 /x]sf] 5 .

o;/L af]8{n] cfkmgf] p4]Zo xfl;n ug{ qmdz lwtf]kq ahf/ lgodg tyf ljsf;sf] sfo{df dxTjk"0f{ ofjbfg k'¥ofpg' ePsf af]8{sf k"j{ cWoIfHo¿? k|t af]8{kl/jf/sf] tkm{af6 xflb{s s[t1tf JoQm ug{ rfxG5'. o;}u/L af]8{df g]kfn ;/sf/, cy{ dGqfnosf] tkm{af6 k|ltlglwTj ug{ ePsf lgjt{dfg ;b:o >L hGdho /]UdLHo," g]kfn /fi6«a}+saf6 k|ltlglwTj ug{ ePsf lgjt{dfg ;b:o >L efis/dl0f 1jfnLHo," g]kfn rf6{8{ PsfpG6]G6\; ;+yfaf6 k|ltlglwTj ug{ ePsf lgjt{dfg ;b:o >L g/]Gb|e§/fO{o"/ g]kfn pBf]u jfl0fHo dxf;3af6 k|ltlglwTj ug{ ePsf lgjt{dfg ;b:o >L k|bLkhu kf08]Hof"nfO{ af]8{sf] gLlt lgdf{0f sfo{df pxfFx¿n] k'¥ofpg' ePsf] cd"No ofjbfgsf]nflu wGojfb 1fkg ug{ rfxG5'.

lwtf]kq ahf/ ljsf;sf nflu gLltut ;xof]u k'¥ofpg] g]kfn ;/sf/–cy{ dGqfno, sfof{jog txdf g]kfn :6s PS;r]h ln=, s]Gb|o lglIf]k ;]jf sDkgL, lwtf]kq Joj;foLx¿, ;"rLs[t sDkgLx¿, ;j{ fwf/0f nufgLstf{x¿, lwtf]kq ahf/;F ;DalGwt cGo lgsfox¿ / cfly{s kqsf/x¿ ;a}k|t wGojfb JoQm ub{5' . lwtf]kq ahf/ ljsf;sf] nflu ;do ;dodf dfu ePsf] ;xof]u k'¥ofpg] lgsfox?M g]kfn ;/sf/, cy{ dGqfno, sfg"g tyf Gofo ;+lwfg ;ef tyf ;+bLo Joj:yf dGqfno, g]kfn /fi6«a}+s, aLdf ;ldlt, g]kfn rf6{8{ PsfpG6]; ;+yf tyf g]kfn pBf]u afl0fHo dxf;3nfO{ w]/}w]/} wGojfb lbg rfxG5'. o;}u/L af]8{sf] lfdtf clej[4, lwtf]kq ahf/ ;'wf/ tyf af]8{sf kbflwsf/L / sd{rf/Lx?sf] hfgsf/L tyf sfo{bIftf clej[4df ;xof]u k'¥ofpg] ef/t ;/sf/, ljZj a}+s, PI;ofnL ljsf; a}+s, Financial Services Agency-Japan, Securities and Exchange Surveillance Commission- Japan, US Securities and Exchange Commission, Asia-Pacific Economic Cooperation, Korea Financial Investment Association, Securities Commission, Malaysia, Organisation for Economic Co-operation and Development (OECD) tyf Securities and Exchange Board of India nufot cGo ;a};DalGwt ;xof]uL lgsfox?nfO{klg wGoafb lbg rfxG5'.

cGTodf, af]8{;b:oHo¿?n] af]8{df k'¥ofpF}cfpg' ePsf] ofjbfgsf] sb/ ub{} jxfF? k|t kl+f JoQm ug{ rfxG5'. ;fy}af]8{sf sd{rf/Lx?sf] st{o k|tsf]lgi7f Pj+g/Gt/ kl)f;sf] nflu wGojfb 1fkg ub{5'.

afa'/fd >]7
cWoIf

sflQs @%, @)&!

# ljifo–;"rL


| | | kl[Zg g+= |
|---|---|---|
| != | ;lIfKt cflyls l:ylt | ! |
| | !=! ljZj cfly{s l:ylt | ! |
| | !=@ g]kfnsf] cfly{s tyf kl/ahf/ l:ylt | @ |
| @= | g]kfn lwtf]kq af}F{ | % |
| | @=! p2]Zo tyf sfo{? | % |
| | @=@ ;~rfns af}F{ | % |
| | @=# ;ª7g ;+/rgf | ^ |
| | @=$ ;ldltx? | ^ |
| | @=% ljQLo ;f]t | & |
| | @=^ cGt/f{li6«o ;DaGw | * |
| | @=& cf=j= @)&)÷&! sf] ahf6 jQmJodf kl/ahf/ | ( |
| | @=* cg'dlt kq kf]fg tyf gjLs/0f | !) |
| | @=( sfg"gL Joj:yf / kl/anLs/0f | !! |
| | @=!) ;k/Lj]If0f tyf cg'Udg | !@ |
| | @=!! nufgLstf{kl/zIf0f tyf tflnd sfo{qmd | !% |
| | @=!@ tflnd tyf ;]ldgf/df ;xeflutf | !^ |
| | @=!# k|sfzg tyf ;"rgf k|jfx | !& |
| | @=!$ cWoog tyf cg';Gwfg | !* |
| #= | kl/ylds ahf/sf] cj:yf | !( |
| | #=! lwtf]kq btf{tyf ljj/0fkq :jLs[t | !( |
| | #=@ ;fdlxs nufgL sf]if / ofhgf btf{tyf lgisfzg | @! |
| $= | lwtf]kq bf];|f]ahf/sf] cj:yf | @@ |
| | $=! lwtf]kq ;"rLs/0f | @@ |
| | $=@ lwtf]kq sf/f]af/ | @$ |
| | $=# ahf/ kl/Ls/0f | @$ |
| | $=$ ;"rLs[t lwtf]kqsf] rQmf dNo | @% |
| | $=% g]kfn;]kl/;"rs | @% |
| %= | ;d:of tyf r'gf}tL / sfo{o}hgf | @^ |
| | %=! ;d:of tyf r'gf}tL | @^ |
| | %=@ sfo{o}hgf | @& |
| | cg';"rLx? | -@*–$$_ |

# १. संक्षिप्त आर्थिक स्थिति

## १.१ विश्व आर्थिक स्थिति

अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०१४ को अप्रिलमा प्रकाशित गरेको विश्व आर्थिक परिदृश्यका अनुसार सन् २०१२ मा ३.९ प्रतिशत रहेको विश्व उत्पादन सन् २०१३ मा ०.२ प्रतिशतले ऋणात्मक भई ३.० प्रतिशत रहेको थियो । विश्व उत्पादन सन् २०१४ मा ३.६ प्रतिशत तथा सन् २०१५ मा ३.९ प्रतिशतले बढने प्रक्षेपण कोषको रहेको छ । अमेरिकी मौद्रिक तथा वित्त नीतिको प्रभावको कारण समग्र मागमा वृद्धि हुने र युरो क्षेत्रमा पनि मन्दीको असरबाट विस्तारै माथि उठ्दै जाने अनुमानको आधारमा सन् २०१३ को तुलनामा २०१४ मा विश्वको आर्थिक वृद्धिदरमा केही सुधार हुने देखिएको छ । क्षेत्रगत रुपमा भन्दा मध्य तथा पूर्वी युरोपेली मुलुकहरु तथा युरोपियन युनियनका मुलुकहरु बाहेक अन्य सबै क्षेत्रको वृद्धिदर सन् २०१२ को तुलनामा सन् २०१३ मा घटेको कारण सन् २०१३ को विश्व आर्थिक वृद्धिदर ०.२ प्रतिशत सीमान्त दरले घटेको हो । विश्वको आर्थिक वृद्धिको प्रवृत्तिलाई तालिका १ मा प्रस्तुत गरिएको छ ।

**तालिका १: विश्वको आर्थिक वृद्धिदर** *(वार्षिक प्रतिशत परिवर्तन)*

| क्र.सं. | विवरण | वर्ष (सन्) | | प्रक्षेपण | |
|---|---|---|---|---|---|
| | | २०१२ | २०१३ | २०१४ | २०१५ |
| १ | विश्वको उत्पादन | ३.२ | ३.० | ३.६ | ३.९ |
| २ | विकसित अर्थतन्त्र | १.४ | १.३ | २.२ | २.३ |
| ३ | उदीयमान तथा विकासशील अर्थतन्त्र | ५.० | ४.७ | ४.९ | ५.३ |
| ४ | विकाशोन्मुख एशिया | ६.७ | ६.५ | ६.७ | ६.८ |
| ५ | मध्यपूर्व तथा उत्तर अफ्रिकी मुलुकहरु | ४.१ | २.२ | ३.२ | ४.५ |
| ६ | मध्य तथा पूर्वा युरोपेली मुलुकहरु | १.४ | २.८ | २.४ | २.९ |
| ७ | युरोपियन युनियनका मुलुकहरु | -०.३ | ०.२ | १.६ | १.८ |
| ८ | चीन | ७.७ | ७.७ | ७.५ | ७.३ |
| ९ | दक्षिण एसियाली राष्ट्रहरु | | | | |
| | अफगानिस्तान | १४.० | ३.६ | ३.२ | ४.५ |
| | भारत | ४.७ | ४.४ | ५.४ | ६.४ |
| | भुटान | ६.५ | ५.० | ६.४ | ७.६ |
| | माल्दिभ्स | ०.९ | ३.७ | ४.२ | ४.५ |
| | बंगलादेश | ६.१ | ५.८ | ६.० | ६.५ |
| | पाकिस्तान | ४.४ | ३.६ | ३.१ | ३.७ |
| | श्रीलंका | ६.३ | ७.३ | ७.० | ६.५ |
| | नेपाल | ४.९ | ३.६ | ४.५ | ४.५ |

*स्रोतः आर्थिक सर्वेक्षण, २०७०/७१ तथा वर्ल्ड इकोनोमिक आउटलुक, अप्रिल २०१४*

सन २०१३ मा १.३ प्रतिशतले विस्तार भएको विकसित मुलुकको अर्थतन्त्र सन २०१४ मा २.२ प्रतिशतले बढने प्रक्षेपण अन्तर्राष्ट्रिय मुद्रा कोषको रहेको छ । विकसित मुलुकहरु मध्ये अमेरिकी अर्थतन्त्र सन् २०१३ मा १.९ प्रतिशतले बढेकोमा सन २०१४ मा केही सुधार आई २.८ प्रतिशत रहने प्रक्षेपण कोषको रहेको छ । आन्तरिक मागमा भएको उल्लेख्य वृद्धिका कारण अमेरिकी आर्थिक वृद्धिमा क्रमशः सुधार हुँदै जाने अनुमान गरिएको छ । त्यस्तै सन् २०१३ मा ०.२ प्रतिशतले

विस्तार भएको युरो क्षेत्रको वृद्धिदर सन् २०१४ मा सुधार भई १.६ प्रतिशत रहने प्रक्षेपण गरिएको छ । सन् २०१३ मा १.५ प्रतिशत रहेको जापानको वृद्धिदर सन् २०१४ मा १.४ प्रतिशत मात्र रहने अनुमान छ ।

सन् २०१३ मा ४.७ प्रतिशतले वृद्धि भएको अनुमान गरिएको उदीयमान र विकासशील देशहरुको अर्थतन्त्र सन् २०१४ मा ४.९ प्रतिशतले बढने प्रक्षेपण छ । ठूला एशियाली देशहरु मध्ये भारतीय तथा चिनीया अर्थतन्त्र सन २०१३ मा क्रमश: ४.४ प्रतिशत र ७.७ प्रतिशत रहेकोमा सन् २०१४ मा क्रमश: ५.४ र ७.५ प्रतिशतले बढने प्रक्षेपण कोषले गरेको छ । सन् २०१२ को तुलनामा सन् २०१३ मा दक्षिण एशियाली मुलुकहरु मध्ये माल्दिभ्स र श्रीलंकाको आर्थिक वृद्धिदर बढेको छ भने अन्य मुलुकहरुको आर्थिक वृद्धिदर घटेको छ । सन् २०१२ मा १४.० प्रतिशत रहेको अफगानिस्तानको आर्थिक वृद्धिदर सन् २०१३ मा ३.६ प्रतिशतमा सीमित भएको छ । दक्षिण एशियाली मुलुकहरु आफै भित्रको संरचनागत लगायतका समस्याहरुबाट ग्रसित रहेको कारण यस क्षेत्रको आर्थिक वृद्धिदर प्रभावित भएको हो । सन् २०१३ मा नेपालको आर्थिक वृद्धिदर ३.६ प्रतिशत रहेकोमा सन् २०१४ मा आर्थिक वृद्धिदरमा केही सुधार भई ४.५ प्रतिशत पुग्ने अनुमान कोषले रहेको छ ।

## १.२ नेपालको आर्थिक तथा पूँजीबजार स्थिति

### आर्थिक स्थिति

आर्थिक वर्ष २०७०/७१ मा कुल ग्रार्हस्थ उत्पादन आधारभुत मूल्यमा ५.२ प्रतिशत बढी जम्मा रु. १९ खर्ब २८ अर्ब ५२ करोड पुगेको छ । आर्थिक वर्ष २०६९/७० मा यो वृद्धिदर ३.६ प्रतिशत रहेको थियो । मौसमी अनुकूलता, लगानीको वातावरणमा सुधार, समयमा नै बजेट आउनु आदि कारणहरुबाट कुल ग्रार्हस्थ उत्पादन अघिल्लो वर्षको तुलनामा बढ्न गएको हो ।

समीक्षा अवधिमा कुल राष्ट्रिय आय प्रचलित मूल्यमा १३.११ प्रतिशतले वृद्धि भई जम्मा रु. १९ खर्ब ६६ अर्ब ७४ करोड पुगेको छ आ. व. २०६९/७० मा कुल राष्ट्रिय आय रु. १७ खर्ब ८ अर्ब ९९ करोड रहेको थियो । त्यसैगरी कुल ग्रार्हस्थ उत्पादनमा कुल गार्हस्थ बचतको अंश अघिल्लो वर्षको तुलनामा केहि कमी आएको देखिन्छ अर्थात कुल गार्हस्थ उत्पादनमा कुल गार्हस्थ बचतको अंश ८.९ प्रतिशत पुगेको छ । गत वर्ष कुल गार्हस्थ बचत प्रचलित मूल्यमा रु. १ खर्ब ७० अर्ब ९२ करोड रहेकोमा यस आर्थिक वर्ष बचत रु.१ खर्ब ७२ अर्ब ३ करोड पुग्ने अनुमान रहेको छ ।

समीक्षा अवधिको कुल वैदेशिक व्यापार रु. ५ खर्ब १८ अर्ब ७४ करोड पुगेको छ सोा अघिल्लो आर्थिक वर्षमा रु. ६ खर्व ३३ अर्व ६५ करोड रहेको थियो । यस आर्थिक वर्षको प्रथम आठ महिनामा भारत तर्फको कुल व्यापार रु. ३ खर्ब ४४ अर्ब ९३ करोड रहेको छ भने अन्य देश तर्फ रु. १ खर्ब ५७ अर्ब ८६ करोड रहेको छ । कुल वैदेशिक व्यापारमा भारततर्फको अंश मात्रै ६६.४९ प्रतिशत रहेको छ भने यस अवधिमा व्यापार घाटा १६.४४ प्रतिशत छ ।

विगत पाँच आर्थिक वर्षको नेपालको केही मुख्य आर्थिक सूचकांक तालिका-२ मा प्रस्तुत गरिएको छ ।

तालिका-२ : नेपालको आर्थिक सूचकांक *(प्रचलित मूल्यमा)* (रु. करोडमा)

| क्र. सं. | विवरण | आर्थिक वर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०६५।६६ | २०६६।६७ | २०६७।६८ | २०६८।६९ | २०६९।७०^सं | २०७०।७१ ^प्रा |
| १. | कुल गार्हस्थ्य उत्पादन | ९८,८२७ | ११९,२७७ | १३६,४९५ | १५२७३४ | १६९२६४ | १९२८५२ |
| २. | कुल राष्टिय आय | १०००0२.१ | १२०१८९.१ | १३८२५०.३ | १५५०७८.५ | १७०८९९.० | १९६६७४.१ |
| ३. | कुल राष्ट्रिय बचत | ३५४४६.६ | ४२८३५.४ | ५१४३३.१ | ६१४०१.८ | ६५३४९.९ | ८९५६८.३ |
| ४. | कुल ग्राहर्स्थ बचत | ९३२३.० | १३६५८.९ | १९८९२.३ | १७६४६.१ | १५८८६.५ | १७२०३.३ |
| ५. | कुल उपभोग | ८९,५०४ | १०५,६१९ | ११७,६०३ | १३५,९५४ | १५४,२३३ | १७५६४८ |
| ६. | कुल अन्तरार्ष्ट्रिय व्यापार | ३५२१६.७ | ४३५१५.९ | ४६०५१.४ | ५३५९२.२ | ६३३६५.७ | ५१८७४.९ |
| | क) भारत | २०३४४.४ | २५७१०.८ | ३०५२८.६ | ३४९००.६ | ४१८०३.१ | ३४४९३.६ |
| | ख) अन्य मूलुक | १४८७२.४ | १७८०५.१ | १५५२२.८ | १८६९२.३ | २१५६२.६ | १७३८१.२ |
| ७ | वस्तु तथा सेवाहरुको खुद निर्यात | -२१,९८० | -३१,९९० | -३२,८३५ | -३५,९०८ | -४५३७२ | -५४३०२ |
| | क) आयात | ३४,२५४ | ४३,४२० | ४५,००६ | ५१,२९५ | ६३,४९० | ७७,७२२ |
| | ख) निर्यात | १२,२७४ | ११,४३० | १२,१७१ | १५,३८६ | १८,११८ | २३,४१९ |
| ८. | कुल पुंजी निर्माण | ३१,३०३ | ४५,६४९ | ५१,९२७ | ५२,६८९ | ६२,४६४ | ७१,५०६ |
| ९. | कुल स्थिर पुंजी निर्माण | २१,१०४ | २६,४८९ | २९,२७३ | ३१,७३८ | ३८,२१५ | ४४,६१३ |
| | क) सरकारी क्षेत्रको कुल पुंजी निमार्ण | ४,४२८ | ५,३६७ | ६,३८१ | ७,१५६ | ७,१०५ | ९,०३० |
| | ख) निजी क्षेत्रको कुल पुंजी निर्माण | १६,६७६ | २१,१२२ | २२,८९२ | २४,५६३ | ३१,११० | ३५,५८३ |

सं -संशोधित अनुमान, प्रा-प्रारम्भिक अनुमान १ प्रथम आठ महिना

*स्रोतः आर्थिक सर्वेक्षण, २०७०।७१*

आर्थिक वर्ष २०७०/७१ मा प्रचलित मूल्यमा कुल पुंजी निमार्णमा १२.६५ प्रतिशतले वृद्धि भई रु. ७ खर्ब १५ अर्ब ६ करोड पुगेको छ। यसैगरी समिक्षा वर्षमा कुल स्थिर पुंजी निर्माण रु. ४ खर्ब ४६ अर्ब १३ करोड पुग्ने अनुमान छ। यस आर्थिक वर्षमा कुल स्थिर पुंजी निर्माणमा निजी क्षेत्रको योगदान ७९.७६ प्रतिशत र सरकारी क्षेत्रको योगदान २०.२४ प्रतिशत रहेको छ।

## पूँजीबजार स्थिति

आर्थिक वर्ष २०७०/७१ मा ४ वाणिज्य बैंक, २४ विकास बैंक, २ वित्त कम्पनी, १० बीमा कम्पनी र ५ जलविद्युत कम्पनी गरी कुल ४५ संगठित संस्थाले साधारण सेयर, ऋणपत्र तथा हकप्रद सेयर गरी कुल रु. ७ अर्व २६ करोड ६८ लाख ७५ हजार मुल्य बरावरको पूँजी उठाएका छन्।

आर्थिक वर्ष २०७०/७१ मा बजार पूँजीकरण रु. १० खर्व ५७ अर्ब १७ करोड पुगेको छ। सो गत आ.व. को तुलनामा १०५.५ प्रतिशतले वृद्धि भएको हो। गत आर्थिक वर्षको अन्तमा बजार पूँजीकरण रु. ५ खर्ब १४ अर्ब ४९ करोड रहेको

थियो । यस आर्थिक वर्षमा बजार पूँजीकरणको कुल गार्हस्थ उत्पादनसँगको अनुपात ५४.८२ प्रतिशत रहेको छ उक्त अनुपात अघिल्लो आर्थिक वर्षमा जम्मा ३३.३६ प्रतिशत रहेको थियो ।

धितोपत्रको कारोबार तर्फ नेपाल स्टक एक्सचेञ्जमा अघिल्लो आर्थिक वर्षमा रु. २२ अर्व ५ करोड बराबरको धितोपत्रको कारोबार भएकोमा समीक्षा वर्षमा रु. ७७ अर्व ३० करोड बराबरको धितोपत्र कारोबार भएको छ । समीक्षा वर्षमा धितोपत्रको कारोबार रकममा गत वर्षको तुलनामा २५८.६५ प्रतिशतले वृद्धि आएको छ ।

नेप्से सूचकांक वार्षिक विन्दुगत आधारमा अघिल्लो आर्थिक वर्षको तुलानामा ९९.९२ प्रतिशतले वृद्धि भई २०७१ असार मसान्तमा १०३६.११ विन्दुमा पुगेको छ । सो सूचकांक अघिल्लो वर्षको सोही अवधिमा जम्मा ३२.९९ प्रतिशतले वृद्धि भई ५१८.३३ विन्दुमा रहेको थियो । नेपालको धितोपत्र बजार सम्बन्धी सूचकांक तालिका ३ मा प्रस्तुत गरिएको छ ।

**तालिका-३ धितोपत्र बजार(प्राथमिक तथा दोस्रो बजार) परिसूचकहरु**

| बजार सूचकांकहरु | आर्थिक वर्ष | | |
|---|---|---|---|
| | २०६८।६९ | २०६९।७० | २०७०।७१ |
| सार्वजनिक निष्काशन संख्या | २२ | ३४ | **४५** |
| सार्वजनिक निष्काशन रकम (रु. दशलाखमा) | २९०२.१८ | १०६८५२.३१ | **७२६६.८** |
| सूचिकृत संगठित संस्थाको कुल संख्या | २१६ | २३० | **२३३** |
| सूचिकृत धितोपत्रहरुको चुक्ता मूल्य (रु. दशलाखमा) | ११०६१०.९० | १२६४८०.६० | **१४७९३३.४०** |
| सूचिकृत धितोपत्रहरुको संख्या (रु. हजारमा) | ११४००८१ | १२९७८४१ | **१६०७७३५** |
| धितोपत्रको वार्षिक कारोबार (रु. दशलाखमा) | १०२७२.७९ | २२०४८.८७ | **७७३००.००** |
| कूल कारोबार भएको दिन | २३२ | २३२ | **२३०** |
| कारोबार भएको कम्पनीको संख्या | २३० | २३० | **२६९** |
| कारोबार भएको कूल सेयर संख्या (रु. हजारमा) | ४१४७८.९० | ८१५७१.७० | **२१४१४४.७३** |
| कारोबार संख्या | २९३४८९ | २९२३६६ | **५६६३९४** |
| सूचिकृत धितोपत्रको बजार पुंजीकरण (रु. दशलाखमा) | ३७१११५.७४ | ५१४४९२.१३ | **१०५७१६५.८३** |
| बजार पुंजीकरणमा कारोबारको प्रतिशत | २.७७ | ४.२९ | **७.३१** |
| कुल ग्रार्हस्थ उत्पादनमा बजार पुंजीकरणको प्रतिशत | २३.४१ | ३३.३६* | **५४.८२#** |
| **नेप्से परिसूचक** | ३८९.७४ | ५१८.३३ | **१०३६.११** |

*कुल गार्हस्थ उत्पादन (प्रचलित मूल्य)को संशोधित आधारमा
# कुल गार्हस्थ उत्पादन (प्रचलित मूल्य) को प्रारम्भिक अनुमानको आधारमा
स्रोत: आथिर्क सर्वेक्षण, २०७०/७१, नेपाल स्टक एक्सचेन्ज लि. को वार्षिक कारोबार प्रतिवेदन, २०७०/७१

# २. नेपाल धितोपत्र बोर्ड

## २.१ उद्देश्य तथा कार्यहरुः

२१ औं शताब्दीमा देशको आर्थिक विकासको आधार स्तम्भको रुपमा पूँजीबजार बनीरहँदा नेपालमा पनि विभिन्न क्षेत्रका संगठित संस्थाहरुले पूँजीबजार मार्फत आफूलाई आवश्यक पूँजी संकलन गरी छरिएर रहेको बचतलाई देश विकासको कार्यमा प्रयोग गदै आइरहेका छन् । पूँजीबजारको विकास, विस्तार र नियमन गरी व्यवस्थित गर्नका लागि नेपाल सरकारबाट वि. सं. २०५० जेष्ठ २५ मा स्थापित नेपाल धितोपत्र बोर्डले आफ्नो स्थापनाको २१ वर्ष पुरा गरिसकेको छ । यस अवद्यिमा बोर्डले धितोपत्रमा लगानी गर्ने लगानीकर्ताहरुको हित संरक्षण, धितोपत्रको निष्काशन, खरिद, बिक्री, वितरण र विनिमय कार्यलाई प्रभावकारी बनाउने, धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिहरुको काम, कारबाहीलाई नियमित तथा व्यवस्थित गर्ने र धितोपत्र बजारको विकासलाई आवश्यक नीति नियम तर्जुमा गर्ने कार्यहरु गरिरहेको छ । धितोपत्र सम्बन्धी ऐन, २०६३ अनुसार बोर्डको मुख्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छनः-

- धितोपत्र सार्वजनिक रुपमा निष्काशन गर्न सक्ने गरी स्थापना भएको संगठित संस्थाको धितोपत्र दर्ता गर्ने ।
- धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिने विवरणपत्र स्वीकृत गर्ने ।
- धितोपत्र बजार संचालन गर्न चाहने संगठित संस्थालाई धितोपत्र बजार संचालन गर्न अनुमति दिने ।
- धितोपत्र बजारको काम कारबाहीको नियमन तथा अनुगमन गर्ने ।
- धितोपत्र व्यवसाय संचालन गर्न चाहने कम्पनी वा संस्थालाई धितोपत्र व्यवसाय संचालन गर्न अनुमतिपत्र दिने ।
- धितोपत्र व्यवसायीको काम कारबाहीको नियमन तथा अनुगमन गर्ने ।
- सामूहिक लगानी कोष संचालन गर्न स्वीकृति दिने ।
- धितोपत्र सम्बन्धी आवश्यक नियम, विनियम तथा निर्देशिकाहरु बनाउने ।
- धितोपत्र विनिमय बजार, धितोपत्र व्यवसायी, धितोपत्र कारोबार तथा समग्र धितोपत्र बजारको सुपरीवेक्षण तथा अनुगमन गर्ने ।
- नियमन व्यवस्थाको पालना नगर्ने संस्थाहरुलाई ऐन, नियम अनुसार कारवाही अगाडि बढाउने ।
- धितोपत्र बजार सम्बन्धमा अध्ययन, अनुसन्धान गरी निर्देशन गर्ने तथा चेतना अभिवृद्धिमूलक कार्यक्रम सञ्चालन गर्ने ।
- धितोपत्र बजारसँग सम्बन्धित विषयमा नीति तथा कार्यक्रम तर्जुमा गर्न नेपाल सरकारलाई आवश्यक परामर्श दिने ।

## २.२ सञ्चालक बोर्ड

नेपाल धितोपत्र बोर्डमा विभिन्न सरकारी तथा निजी क्षेत्रका निकायहरुको प्रतिनिधित्व रहने गरी ७ सदस्यीय बोर्ड हुने व्यवस्था धितोपत्र सम्बन्धी ऐन, २०६३ मा रहेको छ । बोर्डमा पूर्णकालीन कार्य गर्ने गरी नेपाल सरकारद्वारा नियुक्त अध्यक्ष हुनुका साथै नेपाल सरकार, अर्थ मन्त्रालयका सह-सचिव, नेपाल सरकार, कानुन, न्याय, संविधानसभा तथा

संसदीय व्यवस्था मन्त्रालयका सह-सचिव, नेपाल राष्ट्र बैंकका प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधि र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका प्रतिनिधि तथा धितोपत्र बजार व्यवस्थापन, पुँजी बजार विकास, वित्तीय वा आर्थिक क्षेत्रसँग सम्बन्धित विज्ञहरूमध्येबाट नेपाल सरकारले मनोनित गरेको व्यक्ति सदस्य रहने व्यवस्था रहेको छ ।

समीक्षा अवधिमा बोर्डमा प्रतिनिधित्व गर्ने तीन(३) जना बोर्ड सदस्यहरुको परिवर्तन भएको छ । नेपाल सरकार, अर्थ मन्त्रालयको तर्फबाट सह-सचिव श्री जन्मजय रेग्मीले प्रतिनिधित्व गर्नुभएकोमा मिति २०७१/०२/२२ देखि सह-सचिव श्री रामशरण चिमौरियाले प्रतिनिधित्व गर्नुभएको छ । नेपाल उद्योग वाणिज्य महासंघबाट तत्कालीन उपाध्यक्ष श्री प्रदीपजंग पाण्डेले प्रतिनिधित्व गर्नुभएकोमा मिति २०७१/०२/२२ देखि हालका उपाध्यक्ष श्री दिनेश श्रेष्ठले प्रतिनिधित्व गर्नुभएको छ । साथै नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट तत्कालीन उपाध्यक्ष श्री नरेन्द्र भट्टराईले प्रतिनिधित्व गर्नुभएकोमा मिति २०७१/०५/०४ देखि हालका उपाध्यक्ष श्री प्रकाश लम्सालले प्रतिनिधित्व गर्नुभएको छ । आर्थिक वर्ष २०७०/७१ मा संचालक बोर्डको बैठक १८ पटक बसी पूँजीबजारसँग सम्बन्धित नीति निर्माण सम्बन्धी निर्णयहरु गरिएको थियो ।

## २.३ संगठन संरचना

पूँजीबजारको दायरा दिन प्रति दिन बढ्दै गईरहेको परिप्रेक्ष्यमा धितोपत्र बजार, सूचिकृत संगठित संस्था, धितोपत्रको केन्द्रीय निक्षेप कम्पनी, निक्षेप सदस्य, सामूहिक लगानी कोष, क्रेडिट रेटिङ्ग कम्पनी, धितोपत्र दलाल तथा मर्चेण्ट बैंकरहरु र सेयर रजिष्ट्रार गरी झण्डै ३५० भन्दा बढी कम्पनीहरुको नियमन तथा सुपरिवेक्षण गर्नुपर्ने जिम्मेवारी बोर्डले पुरा गर्दै आइरहेको छ । आफ्नो जिम्मेवारीलाई प्रभावकारी रुपमा सम्पन्न गर्नका लागि बोर्डले आफ्नो संस्थागत क्षमतामा समयानुकुल अभिवृद्धि गर्नु पर्ने कुरालाई मध्यनजर गर्दै विद्यमान संगठन ढाँचामा पुनरावलोकन गरी नयाँ संगठन संरचना बोर्ड सञ्चालक समितिको बैठकबाट पारित गरी लागू गरिएको छ । उक्त संगठन संरचना अनुसारको आवश्यक दरबन्दी सिर्जनाका लागि नेपाल सरकार, अर्थमन्त्रालय समक्ष पेश गरिएको छ । बोर्डमा हाल जम्मा २८ जना कर्मचारीहरु कार्यरत रहेका छन् । नयाँ संगठन संरचना अनुसूची-१ मा प्रस्तुत गरिएको छ ।

## २.४ समितिहरु

बोर्डको काम कारवाहीहरूलाई प्रभावकारी रुपमा सम्पादन गर्न तथा आवश्यक सहयोगका लागि बोर्डमा विभिन्न स्थायी प्रकृतिका समितिहरू कार्यरत रहेका छन् । उक्त समितिहरुले गरेको काम कारवाहीहरु निम्नानुसार रहेका छन् ।

### २.४.१ कानुन तथा प्रवलीकरण समिति

बोर्डबाट तयार गर्नुपर्ने विभिन्न नियमावली, निर्देशिका तथा अन्य कानुनी व्यवस्थाहरुको मस्यौदा तयार गर्न तथा बोर्ड समक्ष पेश भएका जटिल कानूनी विषयका सम्बन्धमा अध्ययन तथा अनुसन्धान गरी परामर्श दिनको साथै धितोपत्र सम्बन्धी ऐन नियमको पालनालाई प्रभावकारी गराउने जस्ता काम कारबाहीको लागि नेपाल सरकार, कानून, न्याय, संविधानसभा तथा संसदीय व्यवस्था मन्त्रालयबाट प्रतिनिधित्व गर्नु हुने बोर्ड सदस्य संयोजक रहेको कानुन तथा प्रवलीकरण समिति (Legal and Enforcement Committee) बोर्डमा रहेको छ । उक्त समितिमा बोर्डको नियमन विभाग

तथा कानून विभागका प्रमुख सदस्य तथा एक विज्ञ सदस्य हुनुहुन्छ । आर्थिक वर्ष २०७०/७१ मा उक्त समितिले निम्न कार्यहरु गरेको छ ।

क) धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ को पुनरावलोकन गरी सुधारको लागि नयाँ नियमावली प्रस्ताव गरेको ।

ख) बस्तु बजार कारोबारलाई नियमन गर्ने सम्बन्धमा विधेयकको मस्यौदा तयार गरेको ।

### २.४.२ वित्तीय प्रशासन तथा सूचना विश्लेषण समिति

बोर्डको वार्षिक कार्यक्रम तथा बजेट तयार गरी अन्तिम रुप दिन, वार्षिक बजेट तथा खर्चको आवधिक रुपमा पुनरावलोकन गर्न तथा लेखापरिक्षकबाट प्राप्त लेखापरीक्षण प्रतिवेदन अध्ययन गरी सो सम्बन्धी प्रत्युत्तर मस्यौदालाई अन्तिम रुप दिई लेखापरीक्षण प्रतिवेदनलाई अन्तिम रुप दिने तथा वित्तीय सूचना विश्लेषण र वित्तीय प्रशासन सम्बन्धी अन्य कार्यहरु गर्न बोर्डमा वित्तीय प्रशासन तथा सूचना विश्लेषण समिति रहेको छ । उक्त समितिमा नेपाल चार्टड एकाउन्टेन्टस् संस्थाबाट बोर्डमा प्रतिनिधि गर्नुहुने बोर्ड सदस्य संयोजक रही बोर्डको व्यवस्थापन विभाग तथा वित्तीय सूचना विश्लेषण विभागका प्रमूख र बोर्डको वित्त शाखा हेर्ने शाखा प्रमूख सदस्य सचिव रहेका छन् । आर्थिक वर्ष २०७०/७१ मा उक्त समितिले देहाय बमोजिमको कार्यहरु गरेको छ ।

क) बोर्डको आर्थिक वर्ष २०७१/७२ को वार्षिक कार्यक्रम तथा बजेटको मस्यौदा तयार गरेको ।

ख) लेखापरीक्षकबाट प्राप्त प्रतिवेदनको अध्ययन गरी प्रत्युत्तर तयार गरेको ।

ग) बोर्डको लगानी योग्य रकमलाई विभिन्न बैंकहरुमा राख्नका लागि सिफारिश गरेको ।

घ) बोर्डमा रहेको मौज्दात प्रतिफल प्राप्त हुने औजारमा लगानी गरेको ।

### २.४.३ लेखापरीक्षण समिति

बोर्डको वित्तीय विवरणको पुनरावलोकन सम्बन्धमा संचालक समितिलाई सहयोग गर्न, बोर्डको नियम पालनाको अवस्थाको पुनरावलोकन सम्बन्धमा संचालक बोर्डलाई सहयोग पुर्‍याउन, आर्थिक पारदर्शिता र संस्थागत शुसासनलाई मजबुत बनाउन, आन्तरिक लेखापरीक्षकको नियुक्ति गर्न, पारिश्रमिक तथा सुविधा निर्धारण गर्न, स्वतन्त्र लेखापरीक्षकको लेखापरीक्षण प्रकृया निर्धारण गर्न तथा मूल्याकंन गर्ने जस्ता कार्यहरु गर्नका लागि नेपाल चाटर्ड एकाउन्टेन्टस् संस्थाबाट बोर्डमा प्रतिनिधित्व गर्नुहुने बोर्ड सदस्य संयोजक रही, नेपाल राष्ट्र बैंकको तर्फबाट बोर्डमा प्रतिनिधित्व गर्नुहुने बोर्ड सदस्य तथा बोर्डको कानून विभागका प्रमुख सदस्य रहने गरी बोर्डमा मिति २०७०/०६/२० मा लेखापरीक्षण समिति गठन गरिएको छ ।

## २.५ वित्तीय स्थिति

आर्थिक वर्ष २०६६/०६७ सम्म नेपाल सरकारको वित्तीय अनुदानमा सञ्चालन भएको बोर्ड आर्थिक वर्ष २०६७/०६८ देखि पूर्णरुपमा आफ्नो आम्दानीबाट सञ्चालन हुँदै आईरहेको छ । बोर्डको प्रमुख आर्थिक स्रोत धितोपत्र दर्ता, विवरणपत्र, अफर डकुमेन्ट तथा हकप्रद सेयर निष्काशन सम्बन्धी विवरणहरूको प्रशोधन शूल्क, धितोपत्र कारोबार शूल्क, धितोपत्र

बजार तथा धितोपत्र व्यवसायी अनुमतिपत्र तथा नवीकरण शूल्क, धितोपत्र व्यवसाय शूल्क, निवेदन दस्तुर, सामूहिक लगानी कोष तथा केन्द्रीय निक्षेप कम्पनी अनुमति तथा नवीकरणबाट प्राप्त हुने आम्दानी आदि रहेका छन् ।

आर्थिक वर्ष २०७०/७१ मा बोर्डको कुल आय रु. ८ करोड ५७ लाख ९३ हजार रहेको छ भने कुल व्यय रु. ४ करोड १७ लाख ६५ हजार ५ सय रहेको छ । आम्दानी तर्फ विशेष्त धितोपत्र दर्ता तथा निष्काशनका लागि स्वीकृती प्रदान गर्दा, सामूहिक लगानी कोष, क्रेडिट रेटिङ्ग, सिडिएस कम्पनी, धितोपत्र बजार अनुमति पत्र, मर्चेन्ट बैकिङ्ग तथा ब्रोकर प्रमाणपत्र नविकरण, धितोपत्र कारोबार दस्तुर, आवेदन शुल्क, विवरणपत्र प्रशोधन शुल्क र प्रमाणपत्र दर्ता शुल्क बाट रु. ६ करोड ४६ लाख ४५ हजार आम्दानी भएको थियो भने खर्च तर्फ मुख्यतः कर्मचारी र अन्य प्रशासकिय खर्च तर्फ रु. ४ करोड १७ लाख ६५ हजार खर्च भएको थियो । गत आर्थिक वर्ष २०६९/७० मा बोर्डको कुल आय रु. ८ करोड ४६ लाख २८ हजार थियो भने कुल व्यय रु. ४ करोड १७ लाख ३८ हजार ४ सय १९ रहेको थियो । आ.व. २०६९/७० को तुलनामा बजारमा सार्वजनिक निष्काशन गर्ने संगठित संस्थाहरुको संख्या बृद्धि तथा दोस्रो बजार कारोबारमा भएको वृद्धिले बचतमा वृद्धि भएको हो । बोर्डको आर्थिक वर्ष २०७०/७१ को वासलात, आय-व्यय विवरण तथा नगद प्रवाह विवरण अनुसूची-२ मा प्रस्तुत गरिएको छ ।

## २.६ अर्न्तराष्ट्रिय सम्बन्ध

नेपाल धितोपत्र बोर्डले धितोपत्र बजारसँग सम्बन्धित विभिन्न अन्तराष्ट्रिय संघ सस्थाहरुसँग निरन्तर सम्बन्ध राख्दै आएको छ । धितोपत्र लगानीकर्ताको शिक्षा तथा सचेतना सम्बन्धमा आवश्यक ज्ञान तथा सूचनाहरू आदान प्रदान गर्ने र लगानीकर्ताको शिक्षा तथा सचेतना सम्बन्धमा सहयोग र समन्वय गर्ने उद्देश्यले सन २०१० मा स्थापित Asia Forum for Investor Education (AFIE) को संस्थापक सदस्यको रुपमा भूमिका निर्वाह गरी बोर्ड उक्त संस्थाको सदस्य रहेको छ । धितोपत्रको केन्द्रीय निक्षेप प्रणाली संचालनका लागि आवश्यक Association of National Numbering Agencies (ANNA) को पार्टनर सदस्यता बोर्डले प्राप्त गरेको छ । बोर्डबाट International Securities Identification Number(ISIN) नम्बर जारी गर्नका लागि सिडिएस एण्ड क्लियरिङ्ग लि. लाई अधिकार प्रत्यायोजन गरिएकोमा उक्त लि. ले समीक्षा अवधिमा विभिन्न कम्पनीको ISIN नम्बर प्रदान गरेको छ । साथै बोर्डबाट ANNA ले आयोजना गर्ने बैठक तथा सेमिनारहरुमा सहभागिता रहँदै आएको छ ।

बोर्डबाट धितोपत्र बजार नियमन निकायहरूको अन्तर्राष्ट्रिय संस्था International Organization of Securities Commission (IOSCO) को पनि सदस्यता लिने सम्बन्धमा अध्ययन गरिरहेको छ । साथै विश्व बैंक, एशियाली विकास बैंक तथा Asia Pacific Economic Cooperation तथा विभिन्न देशका धितोपत्रको नियामक निकायहरुले आयोजना गर्ने पुँजीबजार सम्बन्धी कार्यक्रमहरूमा बोर्डको तर्फबाट सहभागिता रहदै आएको छ ।

## २.७ आर्थिक वर्ष २०७०/७१ को बजेट वक्तव्यमा पूँजीबजार

नेपाल सरकारको आर्थिक वर्ष २०७०/७१ को बजेट बक्तव्यमा नेपालको पूँजीबजार विकास सम्बन्धमा निम्नानुसारका कार्यक्रमहरु निर्धारण गरिएको थियो ।

- वित्तीय स्थायित्व कायम गर्ने, वित्तीय पहुँच बढाउने र वित्तीय क्षेत्रको विकास एवम विस्तारबाट द्रुत आर्थिक वृद्धि हासिल गर्न सघाउ पुर्‍याउने र बैंक वित्तीय संस्थाहरुको गुणात्मक विकास एवं पूँजीबजार तथा बीमा क्षेत्रको समग्र पक्षलाई सुदृढ बनाउन वित्तीय क्षेत्र विकास रणनीति तयार गरिनेछ ।
- पूँजीबजारमा सहभागिता बढाउन धितोपत्र कारोबारलाई सरल र सहज बनाईने छ । नेपाल स्टक एक्सचेञ्जको कारोबारलाई विद्युतीय माध्यमबाट सञ्चालन गरिने छ । पूँजीबजारमा संस्थागत तथा गैर आवसीय नेपालीहरुको लगानी आकर्षित गरिने छ ।
- ठूला पूर्वाधार आयोजनाहरुमा दीर्घकालीन लगानीका लागि उच्चस्तरको क्रेडिट रेटिंग भएका अर्न्तराष्ट्रिय संस्थाहरुलाई स्थानीय मुद्रामा ऋणपत्र जारी गर्न दिने व्यवस्था मिलाइने छ ।
- कमोडिटी बजारको नियमन नेपाल धितोपत्र बोर्डले गर्ने गरी आवश्यक व्यवस्था मिलाइने छ ।

बजेट बक्तव्य मार्फत घोषित कार्यक्रमहरुका सम्बन्धमा बोर्डबाट देहाय अनुसारका कार्यहरु गरिएको छ ।

- नेपाल सरकारबाट तयार भैरहेको समग्र वित्तीय क्षेत्र विकास रणनीति अर्न्तगत पूँजीबजारसँग सम्बन्धित रणनीति तयारीका लागि बोर्डमा एक उपसमिति गठन गरिएको छ । सो समितिले पूँजीबजार विकास रणनीति तयारी गरी प्राविधिक समितिमा पेश गरेको छ ।
- नेपाल धितोपत्र बोर्डको ५ वर्षे रणनितीक योजना(२०१२-२०१७) तयार भएकोमा सो मा रहेका कार्यक्रमहरुलाई बोर्डको वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्वयन गरिरहेको छ ।
- पूँजीबजारमा सहभागिता बढाउन यस आर्थिक वर्ष देशका विभिन्न १३ स्थानमा लगानीकर्ता प्रशिक्षण कार्यक्रमहरु सम्पन्न गरिएको छ ।
- नेपाल स्टक एक्सचेञ्ज लि. को कारोबार प्रणालीलाई आधुनिकीकरण गर्नका लागि नेपाल स्टक एक्सचेञ्जलाई निर्देशन दिइएको छ तथा कारोबार शुल्क पुनरावलोकन सम्बन्धमा नेप्सेलाई उक्त संस्थाको कारोबार विनियमावली तयार गरी पेश गर्न निर्देशन दिइएकोमा उक्त लि. ले यस सम्बन्धमा अध्ययन गरिरहेको र प्रतिवेदन प्राप्त भए पश्चात आवश्यक कार्य गरिने जानकारी गराएको छ ।
- पूँजीबजारमा संस्थागत तथा गैर आवसीय नेपालीहरुको लगानी आकर्षित गर्नका लागि सम्बद्ध पक्षहरुसँग छलफल तथा अन्तरकिया कार्यक्रमहरु आयोजना गरिएको छ ।
- कमोडिटी बजारको नियमनका लागि बोर्डबाट गठित कानून प्रवलीकरण समितिले तयार गरेको बस्तु बजार सम्बन्धी ऐनको मस्यौदामा सरोकारवालाको राय सुझाव लिनको लागि अन्तरकृया कार्यक्रम समेत गरी मस्यौदालाई अन्तिम रुप दिइएको छ ।

## २.८ अनुमतिपत्र प्रदान तथा नवीकरण

### २.८.१ धितोपत्र दलाल व्यवसायीहरुको अनुमतिपत्र नवीकरण

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ को नियम ८ मा रहेको व्यवस्था बमोजिम ५० धितोपत्र दलाल व्यवसायीहरुबाट अनुमतिपत्र नवीकरणका लागि निवेदन प्राप्त भएकोमा सम्पूर्ण धितोपत्र दलाल व्यवसायीहरुको अनुमतिपत्र नवीकरण गरिएको छ । अनुमतिपत्र नवीकरण गरेका धितोपत्र दलाल व्यवसायीहरूको नामावली अनुसूची-९ मा प्रस्तुत गरिएको छ । बोर्डबाट समीक्षा वर्षमा कुनै पनि कम्पनीलाई धितोपत्र दलाल व्यवसाय गर्नका लागि अनुमतिपत्र प्रदान गरिएन ।

### २.८.२ नेपाल स्टक एक्सचेन्ज लिमिटेडको अनुमतिपत्र नवीकरण

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा धितोपत्र बजार संचालन नियमावली, २०६४ को व्यवस्था अनुसार नेपाल स्टक एक्सचेन्ज लि. बाट अनुमतिपत्र नवीकरणका लागि निवेदन प्राप्त भएकोमा उक्त लिमिटेडको अनुमतिपत्र नवीकरण गरिएको छ ।

### २.८.३ मर्चेन्ट बैंकरको अनुमतिपत्र प्रदान, नवीकरण र खारेजी

आर्थिक वर्ष २०७०/७१ मा मर्चेन्ट बैंकर कार्यका लागि अनुमति प्राप्त गर्ने कम्पनीको संख्या १४ रहेको छ । समीक्षा अवधिमा बोर्डबाट श्री कृति क्यापिटल एण्ड इन्भेष्मेन्ट्स लि. लाई लगानी व्यवस्थापन सम्बन्धी कार्य गर्नका लागि अनुमतिपत्र प्रदान गरिएको छ ।

समीक्षा वर्षमा १३ वटा मर्चेन्ट बैंकरहरूको अनुमतिपत्र नवीकरण गरिएको छ । बोर्डबाट अनुमतिपत्र प्राप्त मर्चेन्ट बैंकर सम्बन्धी विवरण अनूसुची-१० मा प्रस्तुत गरिएको छ ।

समीक्षा वर्षमा श्री एन.एस. एम. मर्चेन्ट बैंकिङ्ग एण्ड इन्भेष्टमेन्ट लि. ले मर्चेन्ट बैकिङ्ग व्यवसाय नगर्ने भनी निर्णय गरी बोर्ड समक्ष अनुमतिपत्र खारेजीका लागि निवेदन पेश गरेकोले उक्त लि. को अनुमतिपत्र बोर्डबाट खारेज गरिएको छ । साथै श्री स्टक म्यानेजमेन्ट एण्ड डि. पि. लि. ले समेत सो व्यवसाय नगर्ने भनी निर्णय गरी बोर्ड समक्ष मर्चेन्ट बैंकिङ्ग कार्यको अनुमतिपत्र खारेजीका लागि निवेदन पेश गरेकोले उक्त लि. को अनुमतिपत्र समेत खारेजीको क्रममा रहेको छ ।

### २.८.४ निक्षेप सदस्य दर्ता

धितोपत्र बजारमा सूचिकृत भएका तथा विद्युतीय माध्यममा निक्षेप गर्न मिल्ने, वितरण वा बाँडफाँड भएका, धितोपत्र वा उपकरणहरू सम्बन्धित धितोपत्रधनीबाट आफ्नो जिम्मामा लिई धितोपत्रधनीहरूको धितोपत्रसम्बन्धी हितग्राही खाता राख्ने तथा धितोपत्र वा उपकरणहरूको नामसारी वा खातामा अभिलेख केन्द्रीय निक्षेप कम्पनी मार्फत गरिन्छ । धितोपत्र बजारमा सूचिकृत भएका तथा विद्युतीय माध्यममा निक्षेप गर्न मिल्ने, वितरण वा बाटँफाडँ भएका धितोपत्र वा उपकरणहरु सम्बन्धित धितोपत्र धनीहरुबाट आफ्नो जिम्मामा लिई धितोपत्रधनीहरुको धितोपत्र सम्बन्धी हितग्राही खाता

खोल्ने तथा धितोपत्र वा उपकरणहरुको नामसारी वा खातामा अभिलेख राख्ने कार्यका लागि बोर्डमा निक्षेप सदस्य कार्यका लागि अनुमति प्रदान गरिन्छ । यस्ता निक्षेप सदस्यहरुमार्फत लगानीकर्ताहरुले धितोपत्रमा लगानी गर्न डिम्याट एकाउन्ट खोली धितोपत्रको केन्द्रीय निक्षेप प्रणालीमा आवद्ध हुने अवसर प्राप्त हुन्छ । आर्थिक वर्ष २०७०/७१ सम्म बोर्डबाट धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को व्यवस्था बमोजिम निक्षेप सदस्यको काम गर्न चाहने विभिन्न क्षेत्रका जम्मा १४ वटा कम्पनीहरुलाई निक्षेप सदस्यको रुपमा दर्ता गरी प्रमाणपत्र प्रदान गरिएको छ ।

#### <u>२.८.५ क्रेडिट रेटिङ्ग कम्पनीको अनुमतिपत्र नवीकरण</u>

धितोपत्र निष्काशनकर्ता कम्पनीहरुको समग्र वित्तीय विवरण, कार्य सम्पादन तथा व्यवस्थापन र सुशासनको अवस्था आदिको गहन अध्ययन तथा अनुसन्धान गरी मूल्याकंन गर्ने प्रणालीलाई क्रेडिट रेटिङ्ग भनिन्छ । उक्त मूल्याकंनलाई विभिन्न सांकेतिक भाषामा सरल रुपले बुझ्न सकिने गरी प्रस्तुत गरिने हुँदा सर्वसाधारण लगानीकर्ताहरुलाई लगानी गर्नु पूर्व सम्बन्धित कम्पनीहरुको स्थिति बारे बुझ्न र लगानीको जोखिमलाई न्यूनीकरण गर्न समेत सहयोग पुग्दछ । नेपालमा क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को व्यवस्था बमोजिम श्री इक्रा नेपाल लि. लाई क्रेडिट रेटिङ्ग सेवा संचालनका लागि अनुमतिपत्र प्रदान गरिएकोमा उक्त सस्थाको अनुमति पत्र नवीकरण गरिएको छ ।

## २.९ कानुनी व्यवस्था तथा प्रवलीकरण

### २.९.१ कानुनी व्यवस्था

#### <u>२.९ .१.१ बस्तु विनिमय बजार सम्बन्धी विधेयकको मस्यौदा</u>

बस्तु बजारको नियमन नेपाल धितोपत्र बोर्डले गर्ने नेपाल सरकारको नीति तथा बजेट बक्तव्यमा समेत उल्लेख गरिए बमोजिम बोर्डबाट तयार गरिएको बस्तु बजार सम्बन्धी ऐनको मस्यौदामा सरोकारवालाको राय सुझाव लिनको लागि अन्तरकृया कार्यक्रम समेत गरी मस्यौदालाई अन्तिम रुप दिइएको छ ।

#### <u>२.९.१.२ सामूहिक लगानी कोष नियमावली, २०६७ मा संशोधन</u>

सामूहिक लगानी कोष नियमावली, २०६७ मा दोस्रो संशोधनको लागि नेपाल सरकार, अर्थ मन्त्रालय समक्ष पेश गरिएको छ ।

#### <u>२.९.१.३ धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७० को मस्यौदा</u>

धितोपत्र दर्ता तथा निष्काशन प्रक्रियालाई समयसापेक्ष सुधार तथा व्यवस्थित र सरल बनाउनको लागि नयाँ धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७० को मस्यौदा बोर्ड समक्ष प्रस्तुत भएको तथा बोर्डको निर्देशन अनुसार सरोकारवालासँग राय सुझाव लिन बोर्डको वेबसाइटमा समेत राखिइसकेको र हाल प्राप्त राय सुझाव बमोजिम अन्य परिमार्जन गर्ने क्रममा रहेको छ ।

#### <u>२.९.१.४ धितोपत्र कारोबार राफसाफ तथा फछ्यौंट विनियमालीमा संशोधन</u>

केन्द्रीय निक्षेप सेवालाई व्यवस्थित रुपमा सञ्चालन गर्न केन्द्रीय निक्षेप सेवा कम्पनीको धितोपत्र कारोबार राफसाफ तथा फछ्यौंट विनियमावली, २०७० मा संशोधनका लागि बोर्ड समक्ष पेश भएकोमा सोमा स्वीकृती प्रदान गरिएको छ ।

### २.९ .१.५ अनिवार्य भ्रमण(स्वदेश) विदा कार्यविधि

नेपाल धितोपत्र बोर्ड कर्मचारी सेवा शर्त नियमावली, २०६८ को व्यवस्था बमोजिम बोर्डमा कार्यरत कर्मचारीहरुको लागि अनिवार्य भ्रमण(स्वदेश) विदा सम्बन्धी कार्यविधि बनाई लागू गरिएको छ ।

### २.९.२ कानुनी प्रवलीकरण

### २.९.२.१ बोर्ड विरुद्ध परेको मुद्दाको किनारा

आर्थिक वर्ष २०७०/७१ मा बोर्डलाई विपक्षी वनाई विभिन्न अदालतहरुमा (सर्वोच्च अदालत, पूनरावेदन अदालत र जिल्ला अदालत) दायर भएका आठ(८) वटा मुद्दा मामिलामा बोर्डको तर्फबाट पुर्पक्ष (लिखित जवाफ, प्रतिउत्तर पत्र र बहस पैरवी आदि) गरिएकोमा दुई मुद्दा खारेज भएको र अन्य मुद्दाहरु हाल अदालतमा बिचाराधीन अवस्थामा रहेका छने ।

### २.९.२.२ गुनासो समाधान

आर्थिक वर्ष २०७०/७१ मा बोर्डमा सर्वसाधारण लगानीकर्ताहरुका तर्फबाट धितोपत्रको कारोबार सम्बन्धी, नेपाल बंगलादेश बैंकको सेयर बिक्रि भई नामासारी नभएको लगायतका विभिन्न ६ वटा गुनासाहरु प्राप्त भएको र गुनासो समाधानको लागि आवश्यक जानकारी माग गरी गुनासाहरु समाधान गरिएको छ ।

## २.१० सुपरीवेक्षण तथा अनुगमन

### २.१०.१ प्राथमिक निष्काशनको अनुगमन

धितोपत्रको सार्वजनिक निष्काशन कार्यको गैर-स्थलगत अनुगमन अर्न्तगत धितोपत्र सम्बन्धी नियमावली तथा निर्देशिकामा भएको व्यवस्थाअनुसार आवेदन फाराम संख्या तथा रकम संकलन, विवरण तोकिएको समयभित्र पेश भए/नभएको, संकलन केन्द्रबाट प्राप्त विवरण तथा निष्काशन तथा बिक्री प्रबन्धकबाट बोर्डमा पेश गरिएको पछिल्लो विवरणमा फरक भए/नभएको, बिक्री बन्द भएको १५ दिनभित्रमा ड्राफ्ट सम्बन्धी विवरण बोर्डमा पेश भए/नभएको, संकलित रकम बिक्री बन्द भएपछि तोकिएको समयभित्र तोकिएको समयसम्मका लागि नेपाल राष्ट्र बैंकमा जम्मा गरे/नगरेको, धितोपत्र बाँडफाटको नमूना बाँडफांट गर्नुभन्दा तीन कार्यदिन अघि बोर्डमा पेश गरे/नगरेको, धितोपत्रको बाँडफाट तथा फिर्ता भुक्तानी तोकिएको समयभित्र गरे/नगरेको, संकलित रकम निष्काशन बैंकमा जम्मा गरेको सम्बन्धी विवरण बोर्डमा पेश भए/नभएको, तोकिएको समयभित्र सेयरको सूचीकरणका लागि निवेदन दिए नदिएको सम्बन्धमा नियमित रुपमा अनुगमन गर्ने गरिएको छ ।

### २.१०.२ धितोपत्र कारोबारको अनुगमन

धितोपत्र दोस्रो बजारको कारोबारलाई नियमित र व्यवस्थित गराउन बोर्डबाट नेपाल स्टक एक्सचेन्ज लि. सँग सिधा सम्पर्क स्थापित गरी विद्युतीय माध्यम मार्फत तत्काले सुपरीवेक्षण गर्ने प्रणाली (Real Time Surveillance) विकास गरिएको छ । बोर्डबाट नियमति रुपमा कारोबारको अनुगमन तथा निरीक्षण गर्ने गरिएको छ र कारोबार भैरहेको विवरणको अध्ययन गरी शंकास्पद कारोबार नोट गर्ने तथा आवश्यकता अनुरुप सम्बन्धित धितोपत्र दलाललाई विवरण स्पष्ट गर्न

लगाउने गरिएको छ । सो प्रणाली मार्फत बोर्डबाट प्रत्येक दिन धितोपत्र कारोबार गर्ने ब्यक्ति तथा संस्था लगायत कारोबार भएको संगठित संस्था, कारोबार मुल्य र सेयर संख्या सम्बन्धमा अनुगमन गर्ने गरिरहेको छ ।

धितोपत्रको दोस्रो बजार कारोबार अनुगमनका क्रममा दैनिक कारोबार सम्बन्धी संक्षिप्त प्रतिवेदन, साप्ताहिक कारोबारको संक्षिप्त प्रतिवेदन, ब्लक कारोबार सम्बन्धी प्रतिवेदन, साप्ताहिक रुपमा धितोपत्र दलालहरुको कुल कारोबार रकम सम्बन्धी संक्षिप्त विवरण, तीन महिनाभन्दा वढी समयसम्म कारोबार हुन नसकेका धितोपत्रहरुको विवरण, संस्थापक सेयर कारोबारको अभिलेख तयार गर्नुका साथै नियमित रुपमा आवश्यकता अनुसार मर्चेन्ट बैंकरहरुले गर्ने कारोबारको अभिलेख तयार गर्ने गरेको छ ।

### २.१०.३ मर्चेन्ट बैंकरको विवरण प्रवाहको अनुगमन

मर्चेन्ट बैंकरले आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र आफूले गरेको धितोपत्र कारोबारसहित नाफा नोक्सान हिसाव, वासलात तथा नगद प्रवाह विवरण सहितको वार्षिक प्रतिवेदन बोर्ड समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेकोमा १० मर्चेन्ट बैंकरले आ.व. २०६९/७० को वार्षिक प्रतिवेदन बोर्डमा पेश गरेका छन । यस आर्थिक वर्षमा १४ निष्काशन तथा बिक्री प्रबन्धकहरु मध्ये ८ वटा कम्पनीहरुले मात्र धितोपत्र निष्काशन तथा बिक्री प्रबन्ध सम्बन्धी कार्य गरेका छन् ।

### २.१०.४ धितोपत्र बजारको विवरण प्रवाहको अनुगमन

धितोपत्र बजार सञ्चालन नियमावली, २०६४ ले धितोपत्र बजारले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र उक्त आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण र वार्षिक प्रतिवेदन, प्रत्येक त्रैमासिक अवधि समाप्त भएको ३० दिनभित्र त्रैमासिक प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरेको छ । उक्त व्यवस्था अर्न्तगत नेपाल स्टक एक्सचेञ्ज लिमिटेडबाट आ.व. २०६९/७० को वार्षिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन र त्रैमासिक प्रतिवेदनहरु बोर्डमा प्राप्त भएका छन् ।

### २.१०.५ धितोपत्र दलाल व्यवसायीको विवरण प्रवाहको अनुगमन

धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ मा धितोपत्र दलाल व्यवसायीहरुले आफ्नो धितोपत्र कारोबार लगायत नाफा नोक्सान हिसाव, वासलात, नगद प्रवाह विवरण सहितको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र बोर्डसमक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको । बोर्डबाट अनुमति प्राप्त ५० धितोपत्र दलाल व्यवसायीहरु मध्ये ४८ धितोपत्र दलालहरुले आर्थिक वर्ष २०६९/७० को वार्षिक विवरण बोर्ड समक्ष पेश गरेका छन् । अघिल्लो आर्थिक वर्षमा समेत ४८ धितोपत्र दलाल व्यवसायीहरुले त्यस्तो विवरण बोर्ड समक्ष पेश गरेका थिए । बोर्डमा प्रतिवेदन पेश नगर्ने २ धितोपत्र दलाल व्यवसायीहरु श्री डाइनामिक मनी म्यानेजर सेक्युरीटिज प्रा. लि. र श्री सुन्धारा सेक्युरीटिज लि.लाई सो प्रतिवेदन अविलम्ब बोर्डमा पेश गर्नका लागि पत्राचार गरिएको तथा आगामी दिनमा समयमा नै विवरण पेश गर्नका लगि सचेत गराईएको छ । धितोपत्र दलाल व्यवसायीहरुको वार्षिक विवरण प्रवाह सम्बन्धी विवरण अनुसूची-११ मा प्रस्तुत गरिएको छ ।

धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ मा धितोपत्र दलाल व्यवसायीहरुले प्रत्येक त्रैमासिक अवधि समाप्त भएको तीस दिनभित्र त्रैमासिक प्रतिवेदन बोर्ड समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेकोमा आर्थिक वर्ष २०७०/७१ मा ४६ ले प्रथम त्रैमासिक प्रतिवेदन, ४५ ले दोस्रो त्रैमास प्रतिवेदन, ४८ ले तेस्रो त्रैमासिक विवरण र ४५ धितोपत्र दलाल व्यवसायीहरले चौथो त्रैमासिक विवरण बोर्ड समक्ष पेश गरेका छन् । अघिल्लो आर्थिक वर्षमा ४८ धितोपत्र दलाल व्यवसायीहरुले प्रथम त्रैमासिक प्रतिवेदन, ४९ दलाल व्यवसायीले दोस्रो र तेस्रो त्रैमासिक विवरण तथा ४६ ले चौथो त्रैमासिक विवरण बोर्ड समक्ष पेश गरेका थिए । समयमा नै विवरण नबुझाउने व्यवसायीहरुलाई समयमै विवरण बुझाउनका लागि सचेत गराउँदै पत्राचार गरिएकोमा यस वर्ष विवरण प्रवाह गर्ने धितोपत्र दलाल व्यवसायीहरुको संख्या वृद्धि भएको छ। यस सम्बन्धी विवरण अनुसूची-१२ मा प्रस्तुत गरिएको छ ।

### २.१०.६ धितोपत्र दलाल व्यवसायीहरुको स्थलगत निरीक्षण

बोर्डबाट धितोपत्र सम्बन्धि ऐन नियमको पालना सम्बन्धमा धितोपत्र बजार र धितोपत्र व्यवसायीहरुको(धितोपत्र दलाल, मर्चेन्ट बैंकर) काम कारवाही तथा गतिविधिहरुको स्थलगत तथा गैरस्थलगत सुपरीवेक्षण (Onsite and Offsite Supervision) गर्दै आईरहेको छ । यस आर्थिक वर्षमा बोर्डबाट मिति २०७०/०४/०२ देखि २०७०/०५/०९ सम्म सम्पूर्ण धितोपत्र दलाल व्यवसायीहरुको (५० वटा) स्थलगत निरीक्षण तथा अनुगमन गरिएको छ । त्यसैगरी ४ वटा मर्चेन्ट बैंकरहरुको स्थलगत अनुगमन तथा निरीक्षण गरिएको छ । स्थलगत निरीक्षणको क्रममा धितोपत्र व्यवसायीहरुले ऐन, नियममा उल्लेख भए बमोजिम राख्नुपर्ने विवरण तथा कागजात अद्यावधिक राखे/नराखेको, धितोपत्र खरीद कर्जाका लागि गरिरहेका अभ्यास, तथा सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित विषयमा अपनाउनुपर्ने सजगता अपनाए/नअपनाएको सम्बन्धमा केन्द्रीत गरिएको थियो । अनुगमन तथा निरीक्षणका क्रममा कमी कमजोरी देखिएका २२ धितोपत्र दलाल व्यवसायीहरुलाई सो सुधारका लागि निर्देशन दिई सो को निरन्तर अनुगमन गरिएको छ ।

### २.१०.७ सूचीकृत संगठित संस्थाहरुको विवरण प्रवाहको अनुगमन

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ को नियम २२ को उपनियम (१) बमोजिम बोर्डमा धितोपत्र दर्ता गरेका संगठित संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले पाँच महीनाभित्र अनुसूची-१३ बमोजिमको वार्षिक प्रतिवेदन बोर्डसमक्ष पेश गर्नु पर्ने व्यवस्था बमोजिम यस आर्थिक वर्षमा सूचीकृत २३३ संगठित संस्थाहरुमध्ये ४५ सूचीकृत संगठित संस्थाले तोकिएको समयमा तथा १२३ संगठित संस्थाहरुले ढिलो गरी आ. व. २०६९/७० को बार्षिक प्रतिवेदन बोर्डमा बुझाएका छन् । यसरी बोर्डमा विवरण बुझाउने सूचीकृत संगठित संस्थाहरुको संस्था १६८ रहेको छ ।

त्यसैगरी धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ को नियम २२ को उपनियम (२) बमोजिम बोर्डमा पेश गर्नुपर्ने त्रैमासिक विवरण प्रवाह तर्फ १६८ संगठित संस्थाहरुले प्रथम चौमासिक विवरण, १८१ संगठित संस्थाहरुले दोस्रो चौमासिक विवरण, १८२ संगठित संस्थाहरुले तेस्रो चौमासिक विवरण र १६३ संगठित संस्थाहरुले चौथो चौमासिक विवरण बोर्डमा बुझाएका छन् ।

बोर्डले ऐन नियम अनुसार बोर्डमा पेश गर्नुपर्ने वार्षिक प्रतिवेदन वा वित्तीय विवरण तथा अन्य विवरणहरु पेश गर्ने तथा नगर्ने सबै सूचीकृत संगठित संस्थाहरुको विवरण तयार गर्ने गरेको छ । साथै नियमानुसार समयमा विवरण पेश नगर्ने सूचीकृत संस्थाहरुलाई विवरण पेश गर्नका लागि सचेत गराइएको छ । साथै समयमा नै विवरण बुझाउने सूचीकृत संगठित संस्थाहरुलाई हरियो, ढिलो बुझाउनेलाई पहेलो र विवरण नबुझाउनेलाई रातो संकेतले इंगित गरी सूचीकृत संगठित संस्थाहरुको विवरण प्रवाह सम्बन्धी जानकारी बोर्डको वेबसाईटमा राखिएको छ ।

#### २.१०.८ सूचीकृत संस्थाहरुको वार्षिक साधारण सभा

सूचीकृत संगठित संस्थाहरुले आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना भित्र वार्षिक साधारण सभा गराउनुपर्ने व्यवस्था रहे बमोजिम कुल सूचीकृत संगठित संस्थाहरु मध्ये ६३ संगठित संस्थाले तोकिएको समयावधी भित्र वार्षिक साधारण सभा गरेका छन् । आर्थिक वर्ष २०७०/७१ मा वाणिज्य बैंक समूहका २८, विकास बैंक समूहका ५२, वित्त कम्पनी समूहका ४४, बीमा कम्पनी समूहका २१, होटल समूहका ३, उत्पादन तथा प्रशोधन कम्पनी समूहका ९, व्यापार समूहका २, अन्य समूहका २ गरी जम्मा १६१ सूचीकृत संगठित संस्थाहरुले आर्थिक वर्ष २०६९/७० को वार्षिक साधारण सभा सम्पन्न गरेका छन् । बोर्डबाट साधारणसभा नगर्ने संगठित संस्थाहरुलाई साधारणसभा समयमा नै गर्नका लागि सचेत समेत गराइएको थियो ।

### २.११ लगानीकर्ता प्रशिक्षण तथा तालिम कार्यक्रम

पुँजीबजारको विकास र लगानीकर्ताहरुको हित संरक्षण गर्ने अभिप्रायले बोर्डले देशभर छरिएर रहेका सर्वसाधारण लगानीकर्ता, उद्योग व्यवसायी, विद्यार्थी लगायत सम्बन्धित पक्षहरुलाई प्रशिक्षण तथा अन्तरकृया कार्यक्रमहरु मार्फत नेपालको पूँजीबजारको सम्बन्धमा जानकारी प्रदान गर्दै आईरहेको छ । समीक्षा वर्षमा समेत बोर्डबाट देशका बिभिन्न स्थानहरुमा पूँजीबजार सम्बन्धी जनचेतना अभिवृद्धि तथा लगानीकर्ता प्रशिक्षण कार्यक्रम संचालन गरिएको थियो । यस आर्थिक वर्षमा सम्पन्न भएका कार्यक्रमहरु देहाय अनुसार रहेका छन ।

- बोर्डले स्थानीय उद्योग वाणिज्य संघहरुको संयुक्त आयोजनामा क्रमशः मिति २०७०।०६।२१ मा मोरङ्गको विराटनगरमा, मिति २०७०।०६।२३ मा इलामको इलामबजारमा, मिति २०७०।१०।१३ मा पर्साको विरगञ्जमा, मिति २०७०।१०।१५ मा रौतहटको गौरमा, मिति २०७०।१०।१७ मा सर्लाहीको मलंगवामा, मिति २०७०।१०।२८ मा चितवनको रत्ननगरमा, मिति २०७०।११।०३ र ११।०४ मा क्रमशः रसुवाको सोमदाङ तथा धुन्चेमा, मिति २०७१।०२।०५ मा सिन्धुलीको सिन्धुलीगढीमा, मिति २०७१।०२।०६ मा सुनसरीको धरानमा, मिति २०७१।०२।०८ मा तेह्रथुमको म्याङलुङमा, मिति २०७१।०२।०९ मा धनकुटाको धनकुटाबजारमा र मिति २०७१।०३।२० मा काभ्रेपलाञ्चोकको बनेपा गरी देशका विभिन्न १३ स्थानमा लगानीकर्ता प्रशिक्षण कार्यक्रम सञ्चालन गरी करीब १५०० जना जति स्थानीय उद्योगी, व्यवसायी, प्राध्यापक, कानुन व्यवसायी तथा विद्यार्थीहरुलाई पूँजीबजारका विविध पक्षहरुको बारेमा प्रशिक्षण दिएको छ ।

- उपत्यकाको पब्लिक युथ क्याम्पसमा अध्ययनरत करीब ४०० विधार्थीहरुलाई पूँजीबजारका विविध पक्षहरुको बारेमा जानकारी प्रदान गरिएको छ ।
- बोर्डले यस्तो कार्यक्रमहरुमा स्रोत व्यक्तिको रुपमा बोर्डका कर्मचारीका साथै नेपाल स्टक एक्सचेञ्ज लि., सिडिएस एण्ड क्लियरिङ्ग लि. र धितोपत्र दलाल व्यवसायीहरु समेत परिचालन गर्ने गरेको छ ।
- पूँजीबजारमा सचेत लगानीकर्ता बढाउन देशव्यापीरुपमा लगानीकर्ता प्रशिक्षण तथा जनचेतना अभिबृद्धि गराउने कार्यलाई आगामी आर्थिक वर्षहरुमा अझ प्रभावकारीरुपमा सञ्चालन गर्ने लक्ष्य बोर्डको छ ।

## २.१२ तालिम तथा सेमिनारमा सहभागिता

नेपाल धितोपत्र बोर्डले कर्मचारीहरुको सीप तथा कार्यगत दक्षता अभिबृद्धिका लागि पुँजीबजार सम्बन्धी विभिन्न तालिम, सेमीनार तथा अन्य कार्यक्रमहरुमा सहभागी गराउँदै आएको छ । आर्थिक वर्ष २०७०/७१ मा 2013 Korea Capital Market Seminar Overview, South Korea, Money Laundering in the Capital Market: Threats, Vulnerabilities and Controls, Sri Lanka, APEC FRTI Regional Seminar on Supervision and Suriveillance of Market Intermediaries, Srilanka, Third Multi-Stake Holders Advocacy Moot on Regional Financial Integration, Pakisthan, 9th ASF Tokyo Round Table, Japan, APEC FRTI Regional Seminar on Understanding Global Financial Markets and Product, Cambodia, Study Visit and Asia Derivative Conference, Singapore, 2014th Tokyo Seminar on Secuities Market Regulation, Japan, Programme on International Capital Markets: Develoments and Policy Issues, India, Korea High-Level Global Symposium on Financial Education: Promoting Long-term Saving and Investment Seminar, South Korea, Builiding education program for investors and market, Cambodia, Corporate Governance and Compliance, Maldives, International Institute for Securities Markets Development Program, USA, Conference on Global and European Trends in Financial Education: New Challenges, Turkey, ANNA General Meeting, Iceland र 2014 Thomas A. Biolsi International Institute for Capital Market Compliance and Examination, USA जस्ता तालिम तथा सेमिनारमा बोर्डका कर्मचारीहरुलाई सहभागी गराईएको थियो ।

समीक्षा वर्षमा Money Laundering in the Capital Market: Threats, Vulnerabilities and Controls, Sri Lanka, Third Multi-Stake Holders Advocacy Moot on Regional Financial Integration, Pakisthan, Study Visit and Asia Derivative Conference, Singapore, Korea High-Level Global Symposium on Financial Education: Promoting Long-term Saving and Investment Seminar, South Korea, Builiding education program for investors and market जस्ता सेमिनार तथा कार्यक्रमहरुमा बोर्डका अध्यक्ष तथा पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

## २.१३ प्रकाशन तथा सूचना प्रवाह

### २.१३.१ धितोपत्र तथ्यांक प्रणाली

सूचीकृत कम्पनीहरुको बार्षिक प्रतिवेदनमा समाविष्ट विगत १७ बर्षअघि देखिका तथ्यांकहरु तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रका पुंजी बजार तथा अर्थतन्त्रसँग सम्बन्धित तथ्यांकहरु संकलन गरी धितोपत्र तथ्यांक व्यवस्थापन प्रणाली स्थापना गरिएकोमा उक्त प्रणालीमा रहेका विवरणहरु अध्यावधिक गरी सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिईएको छ । यस प्रणालीबाट धितोपत्र बजारमा लगानी गर्न चाहने सर्वसाधारण लगानीकर्ताहरुले आफुले लगानी गर्न चाहने सूचीकृत संगठित संस्थाहरुको वित्तिय विवरण प्राप्त गर्न सहज भएको छ ।

### २.१३.२ वार्षिक प्रतिवेदन तथा सेबोन न्युजलेटर

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २६ ले गरेको व्यवस्था अनुसार धितोपत्र बजारमा भएका कामकारवाही, गतिविधि र बजार विकासका लागि भएका प्रयासहरु समावेश गरी बोर्डले आर्थिक वर्ष २०६९/७० को वार्षिक प्रतिवेदन (नेपाली तथा अंग्रेजी संस्करण) प्रकाशन गरी वितरण गरेको छ । साथै धितोपत्र बजारका विभिन्न गतिविधिहरुलाई समेटी तयार गरिएको सेबोन न्यूजलेटरको अंक ९ (नेपाली संस्करण) प्रकाशन गरी वितरण गरिएको छ ।

### २.१३.३ सचेतनामूलक सामाग्रीहरु

धितोपत्रमा लगानी गर्दा अवलम्बन गर्नुपर्ने सजगता सम्बन्धमा लगानीकर्ताहरुको जानकारीको स्तर अभिबृद्धि गर्ने उद्देश्यले बोर्डले 'लगानीकर्ताहरुले जान्नुपर्ने कुराहरु' तथा 'धितोपत्रमा लगानी गर्नु अघि ध्यान दिनुपर्ने कुराहरु' विषय शीर्षकमा पुस्तिका प्रकाशन गरी वितरण गरेको छ । धितोपत्रका लगानीकर्ताहरुले धितोपत्रमा लगानी गर्दा ध्यान दिनुपर्ने कुराहरु सम्बन्धमा बोर्डले पम्पलेट प्रकाशन तथा वितरण गरेको छ । साथै धितोपत्रका लगानीकर्ताहरुलाई धितोपत्रमा लगानी गर्दा ध्यान पुऱ्याउनुपर्ने कुराहरुका सम्बन्धमा सचेत गराउन बोर्डले विभिन्न राष्ट्रिय पत्रपत्रिका, टेलिभिजन लगायतका संचारमाध्यमहरु मार्फत सचेतनामूलक सामाग्रीहरु प्रकाशन तथा प्रसारण गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

### २.१३.४ धितोपत्र कानुन संग्रह

धितोपत्र सम्बन्धी ऐन, नियमावली तथा निर्देशिकाहरु समावेश गरी धितोपत्र सम्बन्धी कानुन संग्रह, २०७० प्रकाशित गरिएको छ ।

### २.१३.५ वेबसाइट

धितोपत्र बजारका विविध पक्षहरु सम्बन्धमा सम्वद्ध पक्षहरुलाई निरन्तर रुपमा जानकारी उपलब्ध गराउने उद्देश्यले धितोपत्र बजारसँग सम्बन्धित ऐन, नियम तथा निर्देशिकाहरु, नेपाल धितोपत्र बोर्डको परिचय, बोर्डको वार्षिक प्रतिवेदन र बोर्डमा गुनासो दिने ढाँचाका साथै लगानीकर्ताका लागि जानकारी तथा चेतनामूलक सामाग्रीहरु समावेश गरी बोर्डले आफ्नो वेव साइट तयार गरेको छ । बोर्डको वेबसाइट मार्फत धितोपत्र बजार, धितोपत्र व्यवसायी तथा सूचीकृत संगठित संस्थाहरुको ऐन नियमको पालनाको स्थिति सम्बन्धी विवरण सार्वजनिक गरेको छ ।

### २.१३.६ हटलाईन टेलिफोनको व्यवस्था

धितोपत्र बजारका लगानीकर्ताहरुको समस्या, गुनासा, सल्लाह र सुझाव सहज रुपमा प्राप्त गर्न सकियोस भन्ने हेतुले यस आर्थिक वर्ष देखि पैसा नलाग्ने हटलाईन फोनको व्यवस्था गरिएको छ । बोर्डको हटलाइन नं **१४४०-०१-४४४३३** रहेको छ ।

## २.१४ अध्ययन तथा अनुसन्धान

आर्थिक वर्ष २०७०/७१ मा बोर्डले कमोडिटीज डेरिभेटिभ बजार नियमन गर्ने सम्बन्धमा अध्ययन गराई सरोकारवालाहरुको सुझावहरु समेत समेटी प्रतिवेदन तयार गरी बस्तु बजार सम्बन्धी ऐनको मस्यौदा तयार गरेको छ । यस आर्थिक वर्षमा बोर्डले पुस्तकालय मार्फत लगानीकर्ता, विद्यार्थी, अनुसन्धानकर्ता तथा विश्वविद्यालयका अध्यापकहरुलाई धितोपत्र बजारसम्वन्धी संकलित तथ्याङ्क, बोर्डका प्रकाशन तथा अन्य विविध सूचना तथा जानकारीहरु उपलब्ध गराएको छ । बजेट वक्तब्य मार्फत ल्याइने सरकारको नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने धितोपत्र बजार सम्बन्धी विषय-वस्तु तयार गरी नेपाल सरकार, अर्थ मन्त्रालयमा पठाइएको छ ।

# ३. प्राथमिक बजारको अवस्था

संगठित संस्थाले आफ्नो धितोपत्र खरीद गर्नका लागि सार्वजनिक रुपमा आव्हान गरी सर्वसाधारणबाट रकम उठाउने कार्यलाई प्राथमिक बजार निष्काशन भनिन्छ । प्राथमिक बजारबाट संगठित संस्था तथा सरकारी निकायले सर्वसाधारणमा विभिन्न प्रकारका धितोपत्र निष्काशन गरी पुंजी परिचालन गर्न सक्दछन् । प्राथमिक बजार प्राय ठूलो आकारको तथा दीर्घकालीन पुंजी परिचालन गरिने प्रमुख स्रोत हो । प्राथमिक बजारमा पूँजी आवश्यक हुने पक्षले बचत हुने पक्षलाई धितोपत्र जारी गरी रकम संकलन गदर्छ । आर्थिक वर्ष २०७०/७१ मा समष्टीगत रुपमा प्राथमिक बजार सामान्य देखिएको छ । समीक्षा अवद्यिमा प्राथमिक बजारतर्फ देहाय बमोजिमका कार्यहरु भएका छन् ।

## ३.१ धितोपत्र दर्ता तथा विवरणपत्र स्वीकृति

धितोपत्र सम्बन्धी ऐन, २०६३ मा संगठित संस्थाहरूले निष्काशन गर्ने धितोपत्रहरू बोर्डमा दर्ता गराउनु पर्ने व्यवस्था भएनुसार आर्थिक वर्ष २०७०/७१ मा ४ वाणिज्य बैंक, २४ विकास बैंक, २ वित्त कम्पनी, १० बीमा कम्पनी र ५ जलविद्युत कम्पनी गरी कुल ४५ संगठित संस्थाहरूको साधारण सेयर, ऋणपत्र तथा हकप्रद सेयर गरी कुल रु. ७ अर्व २६ करोड ६८ लाख ७५ हजार मुल्य बरावरको धितोपत्र बोर्डमा दर्ता गराएका छन् ।

आर्थिक वर्ष २०६९/७० मा ११ वाणिज्य बैंक, १६ विकास बैंक, ४ वित्त कम्पनी, २ बीमा कम्पनी र १ जलविद्युत कम्पनी गरी कुल ३४ संगठित संस्थाहरूले साधारण सेयर, ऋणपत्र तथा हकप्रद सेयर गरी कुल रु. १० अर्व ६८ करोड ५२ लाख मुल्य बरावरको धितोपत्र दर्ता गरिएको थियो । समीक्षा वर्षमा पूँजी परिचालन गर्ने कम्पनीहरुको संख्या वृद्धि भएता पनि पूँजी परिचालन ३१.९९ प्रतिशतले कमी आएको छ । अघिल्लो आर्थिक वर्षमा ३ ठूला वाणिज्य बैंकहरुले सार्वजनिक निष्काशन गरेको र यस आ.व.मा विकास बैंकहरुको मात्र सार्वजनिक निष्काशन भएकोले सो कमी आउन गएको हो । धितोपत्र निष्काशनको अवस्थालाई निम्नानुसारको चाट तथा अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।



### ३.१.१ सार्वजनिक निष्काशन अनुमति तथा निष्काशन

सावर्जनिक निष्काशन अनुमति तर्फ समीक्षा अवद्यिमा बोर्डबाट १ बाणिज्य बैंक, १२ विकास बैंक, ३ जलविद्युत कम्पनी गरी जम्मा १६ संगठित संस्थाको रु १ अर्व ५७ करोड ३५ लाख बराबरको धितोपत्र दर्ता गरी सोको सार्वजनिक निष्काशनका लागि विवरणपत्र स्वीकृती प्रदान गरिएको छ । आर्थिक वर्ष २०६९/७० मा ३ बाणिज्य बैंक, १४ विकास बैंक, ३ वित्त कम्पनी, १ जलविद्युत कम्पनी, र १ वीमा कम्पनी गरी  जम्मा २२ संगठित संस्थाको रु ३ अर्व १८ करोड ७४ लाख बराबरको धितोपत्र बोर्डमा दर्ता गरिएको थियो । यस आर्थिक वर्षमा सार्वजनिक निष्काशन अनुमति प्राप्त गरेका संगठित संस्थाहरुको विवरण अनुसूची-४ मा प्रस्तुत गरिएको छ ।

सावर्जनिक निष्काशनतर्फ यस आ. व. मा बोर्डबाट प्राथमिक सेयर(साधारण सेयर) निष्काशनका आगि अनुमति प्राप्त गरेका १६ वटै संगठित संस्थाहरुले सर्वसाधारणमा सेयर बिक्रि खुला गरी निष्काशन गरिसकेका छन् । यस आर्थिक वर्ष रु. १ अर्व ५७ करोड ३५ लाख बराबरको १ करोड ५७ लाख ३५ हजार कित्ता सेयरको प्राथमिक निष्काशन गरेका छन् । सार्वजनिक निष्काशन गरिएको सबै संगठित संस्थाको सेयर पूर्णरुपमा बिक्रि भएको छ र सेयरको बाँडफाँट समेत भैसकेको छ । ति मध्ये १३ संगठित संस्थाको सेयर नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा सूचीकृत समेत भई कारोबार समेत शुरु भैसकेको छ ।

### ३.१.२ ऋणपत्र स्वीकृती तथा निष्काशन

आर्थिक वर्ष २०७०/७१ मा ३ वटा बाणिज्य बैंकहरुले रु. १ अर्व ४५ करोड वरावरको मात्र ऋणपत्रको सार्वजनिक निष्काशनको लागि बोर्डबाट स्वीकृति पाएका छन जबकि आर्थिक वर्ष २०६९/७० मा ७ वटा बाणिज्य बैंकहरुले रु. ३ अर्व ५५ करोड वरावरको ऋणपत्रको सार्वजनिक निष्काशनको लागि बोर्डबाट स्वीकृति पाएका थिए । आर्थिक वर्ष २०७०/७१ मा ऋणपत्र निष्काशनका लागि अनुमति प्राप्त गरेका संगठित संस्थाहरुको विवरण अनुसूची-५ मा प्रस्तुत गरिएको छ ।

बोर्डबाट ऋणपत्रको सार्वजनिक निष्काशनका लागि स्वीकृति प्राप्त गरेका ३ वटै संगठित संस्थाहरुले रु. १ अर्व ४५ करोड बराबरको १४ लाख ५० हजार कित्ता डिबेञ्चरको प्राथमिक निष्काशन गरी बाँडफाँट समेत गरिसकेका छन् । त्यसैगरी अघिल्लो आर्थिक वर्षमा स्वीकृत भई निष्काशन हुन बाँकी रहेको श्री सिटिजन्स् बैंक इन्टरनेशनल लि. को रु. ५० करोड बराबरको डिबेञ्चरको निष्काशन पनि यस आर्थिक वर्षमा भएको छ ।

### ३.१.३ हकप्रद सेयर दर्ता तथा निष्काशन

समीक्षा वर्षमा १२ विकास बैंक, २ वित्त कम्पनी, १० वीमा कम्पनी र २ जलविद्युत गरी कूल २६ कम्पनीले विद्यमान सेयरधनीहरुमा बिक्री वितरणका लागि जम्मा रु. ४ अर्व २४ करोड ३३ लाख १३ हजार मूल्य वरावरको हकप्रद सेयर बोर्डमा दर्ता गरेका छन् । आर्थिक वर्ष २०६९/७० मा १ वाणिज्य बैंक, २ विकास बैंक, १ वित्त कम्पनी, १ वीमा कम्पनी गरी कूल ५ कम्पनीले विद्यमान सेयरधनीहरुमा बिक्री वितरणका लागि जम्मा रु. ३ अर्व ९३ करोड ५२ लाख २० हजार मूल्य वरावरको मात्र हकप्रद सेयर बोर्डमा दर्ता गरेका थिए । यस आर्थिक वर्षमा हकप्रद शेयर दर्ता गरेका संगठित संस्थाहरुको विवरण अनुसूची-६ मा प्रस्तुत गरिएको छ ।

आ.व. २०७०/७१ मा हकप्रद निष्काशनका लागि अनुमति प्राप्त गरेका २६ संगठित संस्थाहरुमध्ये २० कम्पनीले हकप्रद निष्काशन गरी रकम संकलन गरिसकेका छन् । त्यसैगरी अघिल्लो आर्थिक वर्षमा स्वीकृत प्रदान गरिएको श्री गण्डकी विकास बैंक लि. को रु. ७ करोड बराबरको हकप्रद सेयर पनि यस आर्थिक वर्षमा निष्काशन भएको छ । यस आर्थिक वर्षमा संगठित संस्थाहरुको रु. ४ अर्व ११ करोड १३ लाख ९५ हजार बराबरको ४१ करोड ११ लाख ३९ हजार कित्ता बराबरको सेयर निष्काशन भएको छ ।

### ३.१.४ संस्थापक सेयर दर्ता

आर्थिक वर्ष २०७०/७१ मा बोर्डमा १ वाणिज्य बैंक, १२ विकास बैंक, र २ जलविद्युत कम्पनी गरी कुल १५ संगठित संस्थाको रु. १ अर्व ८१ करोड ६० लाख ६३ हजार बराबरको संस्थापक शेयर दर्ता गरिएको छ । गत आर्थिक वर्षमा बोर्डमा ४ वाणिज्य बैंक, १५ विकास बैंक, ३ वित्त कम्पनी, १ बीमा कम्पनी तथा १ जलविद्युत कम्पनी गरी कुल २५ संगठित संस्थाको रु. ७ अर्व ७८ लाख १२ हजार बराबरको संस्थापक शेयर दर्ता गरिएको थियो । अघिल्लो आर्थिक वर्षमा ३ ठूला वाणिज्य बैंकहरुको संस्थापक सेयर दर्ता भएकोमा यस आ.व.मा तुलनात्मक रुपमा साना कम्पनीहरुको मात्र संस्थापक सेयर दर्ता भएकोले रकममा अलिक फरक आएको हो । यस आर्थिक वर्षमा बोर्डमा संस्थापक शेयर दर्ता गराउने संगठित संस्थाहरुको विवरण अनुसूची-७ मा प्रस्तुत गरिएको छ ।

### ३.१.५ बोनस सेयर दर्ता

यस आर्थिक वर्षमा बोर्डमा १६ वाणिज्य बैंक, ३५ विकास बैंक, २१ फाइनान्स कम्पनी, १० इन्स्योरेन्स कम्पनी, २ जलविद्युत, १ होटल, तथा १ व्यापार कम्पनी गरी जम्मा ८६ वटा संगठित संस्थाहरूको रु. ६ अर्व ६६ करोड ३१ लाख ७८ हजार ९ सय १० बराबरको बोनस सेयर दर्ता गरिएको छ । गत आर्थिक वर्ष बोर्डमा १० वाणिज्य बैंक, १९ विकास बैंक, २० फाइनान्स कम्पनी, १४ इन्स्योरेन्स कम्पनी, २ जलविद्युत, १ होटेल, तथा २ व्यापार कम्पनी गरी ६८ वटा संगठित संस्थाहरूको रु. ४ अर्व ५९ करोड ९६ लाख ८२ हजार ६ सय १० बराबरको बोनस सेयर दर्ता गरिएको थियो । यस आर्थिक वर्षमा बोर्डमा बोनस सेयर दर्ता गरेका संगठित संस्थाहरुको विवरण अनुसूची-८ मा प्रस्तुत गरिएको छ ।

## ३.२ सामूहिक लगानी कोष र योजना दर्ता तथा निष्काशन

सामूहिक कोष नियमावली, २०६७ को व्यवस्था अघिल्लो आर्थिक वर्षमा बोर्डमा ६ वटा सामूहिक लगानी कोष दर्ता भएकोमा समीक्षा अवधिमा बोर्डमा कुनै पनि कोष दर्ता भएनन् । बोर्डमा दर्ता भएका सामूहिक लगानी कोषहरु क्रमशः सिद्धार्थ म्युचुयल फण्ड, नविल म्युचुयल फण्ड, लक्ष्मी म्युचुयल फण्ड, एनएमबी म्युचुयल फण्ड, एनआईविएल म्युचुयल फण्ड र ग्लोबल म्युचुयल फण्ड रहेका छन् ।

सामूहिक लगानी कोषको योजना व्यवस्थापन गर्न तथा कोषको डिपोजिटरीको रुपमा कार्य गर्न बोर्डले यस आर्थिक वर्षमा श्री लक्ष्मी क्यापिटल लि. र श्री एनआईबिएल क्यापिटल लि. लाई योजना व्यवस्थापक र डिपोजिटरीको कार्य गर्न अनुमति प्रदान गरेको छ । साथै कोषमा सहभागीहरुको हित संरक्षण तथा कोष अर्न्तगत हुने काम कारबाहीको सुपरिवेक्षणका लागि समीक्षा अवधिमा श्री लक्ष्मी म्युचुयल फण्ड र श्री एनआईबिएल म्युचुयल फण्डहरुको कोष सुपरिवेक्षक नियुक्तिका लागि स्वीकृती दिइएको छ ।

आर्थिक वर्ष २०७०/७१ मा सिद्धार्थ लगानी कोष अर्न्तगतको सिद्धार्थ इक्विटी ग्रोथ स्कीम अर्न्तगतको रु. ८० करोड बराबरको ८० लाख युनिट बन्दमुखी सामूहिक योजना बोर्डमा दर्ता गरिएको छ । उक्त योजनाले सर्वसाधारणका लागि इकाई खरीदका लागि आव्हान गरेकोमा सर्वसाधारणबाट बढी इकाईको माग भए अनुरुप नियमानुसार शुरुको निष्काशन इकाईमा २५ प्रतिशतले थप गरी बाँडफाँट गरेको थियो हाल उक्त योजना नेपाल स्टक एक्सचेञ्जमा सूचीकृत भै कारोबारसमेत शुरु भैसकेको छ । गत आर्थिक वर्षमा बोर्डमा क्रमशः रु.४० करोड बराबरको ४ करोड इकाई तथा रु. ५० करोडको ५ करोड इकाई रहेका २ वटा सामुहिक लगानी योजना दर्ता गरिएको थियो ।

# ४. धितोपत्र दोस्रो बजारको अवस्था

संगठित संस्थाहरुले सर्वसाधारणहरुबीच जारी गरेको धितोपत्रहरुको कारोबार गर्नका लागि स्थापना गरिएको बजार दोस्रो बजार हो । धितोपत्र खरिदकर्ता तथा बिक्रेतालाई एकै ठाउँमा ल्याई निरन्तर रुपमा धितोपत्रको खरिद, बिक्री वा विनिमय कार्य दोस्रो बजार मार्फत गरिन्छ । पुँजीबजारमा लगानी गर्न चाहने लगानीकर्तालाई लगानीको अवसर यो बजारको माध्यमबाट प्राप्त हुन्छ । नेपाल स्टक एक्सचेञ्ज लि. मार्फत नेपालमा दोस्रो बजारको कारोबार भैरहेको छ । समीक्षा वर्षमा धितोपत्रको दोस्रो बजार अर्न्तगत भएका कामकारवाहीहरु निम्नानुसार रहेका छन् ।

## ४.१ धितोपत्र सूचीकरण

### ४.१.१ साधारण सेयर सूचीकरण

आर्थिक वर्ष २०७०।७१ मा साधारण सेयर जारी गरेका २ बाणिज्य बैंक, १५ विकास बैंक, २ वित्त कम्पनी र २ जलविद्युत कम्पनी गरी २१ संगठित संस्था र कृषि विकास बैंकको थप साधारण सेयर गरी रु ७ अर्व ५४ करोड १२ लाख २५ हजार बराबरको साधारण सेयर सूचीकरण गराएका छन् । गत आर्थिक वर्षमा २० संगठित संस्थाको रु. ७ अर्व ३४ करोड ६० लाख बराबरको साधारण सेयर सूचीकरण गरिएको थियो ।

### ४.१.२ हकप्रद सेयर सूचीकरण

आर्थिक वर्ष २०७०।७१ मा ३ बाणिज्य बैंक, ६ विकास बैंक, ८ विमा कम्पनी, २ जलविद्युत कम्पनी तथा १ वित्त कम्पनी गरी २० सूचीकृत संगठित संस्थाहरुले रु. ५ अर्व ८६ करोड ८२ लाख २ हजार बराबरको हकप्रद सेयर नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकरण गराएका छन् । गत आर्थिक वर्षमा जम्मा ९ वटा सूचीकृत संस्थाहरुको रु. २ अर्व ८० करोढ ९८ लाख बराबरको हकप्रद सेयर नेपाल स्टक एक्सचेञ्जमा सूचीकरण भएको थियो ।

### ४.१.३ ऋणपत्र सूचीकरण

यस आर्थिक वर्षमा सूचीकृत संगठित संस्थाहरु मध्ये ५ वाणिज्य बैंकहरुले रु. २ अर्व ३० करोड बराबरको ऋणपत्रहरु नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकरण गराएका छन् । यस आर्थिक वर्षमा पनि नयाँ सरकारी ऋणपत्रहरु नेपाल स्टक एक्सचेन्ज लि. बाट सूचीकृत भएन । गत आर्थिक वर्ष ६ वाणिज्य बैंकहरुको रु. २३ अर्व ७२ करोड ३६ लाख बराबरको ऋणपत्रहरु नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकरण गराएका थिए ।

### ४.१.४ बोनस सेयर सूचीकरण

आ.व. २०७०।७१ मा १६ वाणिज्य बैंक, ३० विकास बैंक, २० वित्त कम्पनी, ११ इन्स्योरेन्स कम्पनी, २ जलविद्युत, १ व्यापार र १ होटल गरी ८० सूचीकृत संगठित संस्थाहरुले रु. ६ अर्व ३६ करोड ७३ लाख ५० हजार बराबरको बोनस सेयर नेपाल स्टक एक्सचेञ्जमा सूचीकरण गराएका छन् । गत आर्थिक वर्षमा ५८ सूचीकृत संस्थाहरुको रु. ४२ अर्व ३० करोड ३३ लाख बराबरको बोनस सेयर सूचीकरण गरिएको थियो ।

### ४.१.५ सामूहिक लगानी योजना सूचीकरण

यस आर्थिक वर्षमा कुनै पनि सामूहिक लगानी योजना नेप्सेमा सूचीकरण भएनन् । गत आर्थिक वर्षमा रु. १ अर्व २५ करोड बराबरका २ योजनाहरु नेपाल स्टक एक्सचेञ्जमा सूचीकरण भएका थिए ।

### ४.१.६ सूचीकृत संगठित संस्थाहरुको वर्गीकरण

धितोपत्र सूचीकरण विनियमावली, २०५३ मा कम्तिमा ३ वर्ष अगाडि देखि मुनाफामा रहेको, सेयरको चुक्ता मुल्य भन्दा कितावी मुल्य बढी भएको, आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र उक्त आर्थिक वर्षको कारोबार तथा आय व्यय विवरण स्टक एक्सचेन्जमा पेश गरेको, चुक्ता पुँजी कम्तिमा रु.२ करोड भएको, साधारण सेयरवालाहरुको संख्या कम्तिमा १००० भएको र नेपाल स्टक एक्सचेन्ज लि. को सूचीकरण विनियमावलीमा तोकिए अनुसारको मात्रामा सर्वसाधारणलाई सेयर बिक्री गरेको सूचीकृत संगठित संस्थालाई “क” वर्गमा र अन्यलाई “ख” वर्गमा वर्गीकरण गर्ने व्यवस्था रहेको छ । विनियमावलीको व्यवस्थानुसार यस आर्थिक वर्षमा लि. ले २५ वाणिज्य बैंक, ५८ विकास बैंक, २७ वित्त कम्पनी, १४ बीमा कम्पनी, १ उत्पादन तथा प्रशोधन कम्पनी, १ होटल, ३ जलविद्युत र १ अन्य समूहको कम्पनी गरी जम्मा १३० वटा सूचीकृत संगठित संस्थाहरुलाई “क” वर्गमा वर्गीकरण गरेको छ ।

### ४.१.७ सूचीकृत संगठित संस्थाहरुको समुहगत विवरण

गत वर्षमा कुल सूचीकृत संगठित संस्थाको संख्या २३० रहेकोमा यस आर्थिक वर्षमा ३ वटा कम्पनी थप भई सूचीकृत कम्पनीको संख्या २३३ कायम भएको छ । हाल सूचीकृत कम्पनीहरुमा २९ वाणिज्य बैंक, ९५ विकास बैंक, ५५ वित्त कम्पनी, २२ बीमा कम्पनी, ४ होटल, १८ उत्पादन तथा प्रशोधन कम्पनी, ४ व्यापार कम्पनी, २ अन्य कम्पनी र ४ जलविधुत कम्पनीहरु रहेका छन् । सूचीकृत संगठित संस्थाहरुको समुहगत विवरण तालिका-१ मा प्रस्तुत गरिएको छ ।

**तालिका-४ सूचीकृत संगठित संस्थाहरुको समूहगत विवरण**

| क्र. सं. | समूह | सूचीकृत संगठित संस्थाको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | वाणिज्य बैंक | २९ | १२.४५ |
| २ | विकास बैंक | ९५ | ४०.७७ |
| ३ | वित्त कम्पनी | ५५ | २३.६१ |
| ४ | बीमा कम्पनी | २२ | ९.४४ |
| ५ | उत्पादन तथा प्रशोधन | १८ | १.७२ |
| ६ | होटल | ४ | ७.७३ |
| ७ | व्यापार कम्पनी | ४ | १.७२ |
| ८ | जलविद्युत | ४ | ०.८६ |
| ९ | अन्य | २ | १.७२ |
| | **जम्मा** | **२३३** | **१००.००** |

*स्रोत: नेपाल स्टक एक्सचेञ्ज लि.*

## ४.२ धितोपत्र कारोबार

आर्थिक वर्ष २०७०/७१ मा धितोपत्र बजारको कारोबार रकममा उल्लेख्य वृद्धि भएको छ । गत आर्थिक वर्षमा रु. २२ अर्व ५ करोड बराबरको धितोपत्र कारोबार भएकोमा यस आर्थिक वर्षमा रु. ७७ अर्व ३० करोड बराबरको धितोपत्र कारोबार भएको छ । समीक्षा वर्षमा धितोपत्रको कारोबार रकममा गत वर्षको तुलनामा २५८.६५ प्रतिशतले वृद्धि आएको छ । लगानीकर्ताहरुमा बजार प्रतिको धारणा सकारात्मक रहेकोले धितोपत्रको कारोबारमा उल्लेख्य वृद्धि आउको देखिन्छ ।




*स्रोत: नेपाल स्टक एक्सचेञ्ज लि.*

## ४.३ बजार पूँजीकरण

आर्थिक वर्ष २०७०/७१ मा बजार पूँजीकरण रु. १० खर्ब ५७ अर्ब १७ करोड पुगेको छ । समीक्षा वर्षमा बजार पूँजीकरण गत आर्थिक वर्षका तुलनामा १०५.५ प्रतिशतले वृद्धि भएको हो । गत आर्थिक वर्षको अन्त्यमा बजार पूँजीकरण रु. ५ खर्ब १४ अर्ब ४९ करोड रहेको थियो । यस आर्थिक वर्षमा बजार पूँजीकरणको कुल गार्हस्थ उत्पादनसँगको अनुपात ५४.८२ प्रतिशत रहेको छ उक्त अनुपात गत आ.व. मा जम्मा ३३.३६ प्रतिशत रहेको थियो ।

बजार पूँजीकरणमा क्षेत्रगत अंश हेर्दा बैंक तथा वित्तीय संस्थाहरुको(बीमाको समेत) ७७.६३ प्रतिशत, अन्यको ९.३१ प्रतिशत, जलविधुतको ८.६९ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको १.९१ प्रतिशत, होटलहरुको २.३६ प्रतिशत तथा व्यापारिक संस्थाहरुको ०.१ प्रतिशत रहेको छ ।




*स्रोत: नेपाल स्टक एक्सचेञ्ज लि.*

## ४.४ सूचीकृत धितोपत्रको चुक्ता मूल्य

समीक्षा अवधिमा सूचीकृत कम्पनीहरुको चुक्ता मुल्य रु. १ खर्व ४७ अर्व ९३ करोड ३४ लाख रहेको छ । गत आर्थिक वर्षको चुक्ता मुल्य रु. १ खर्व २६ अर्व ४८ करोड ६ लाख रहेको थियो । यस वर्षको धितोपत्रको चुक्ता मूल्यमा गत आर्थिक वर्षको तुलनामा ६.१२ प्रतिशतले वृद्धि आएको छ । यो आर्थिक वर्षमा रु. १९ अर्व ७६ करोड बराबरको विभिन्न शेयरहरु नेपाल स्टक एक्सचेञ्जमा सूचीकृत भएका कारण चुक्ता पूँजीमा वृद्धि भएको हो ।

## ४.५ नेप्से परिसूचक

आर्थिक वर्ष २०७०।७१ मा धितोपत्र बजारमा उल्लेख्य सुधार भएको छ । नेप्से सूचकांक वार्षिक विन्दुगत आधारमा अघिल्लो आर्थिक वर्षको तुलनामा ९९.९२ प्रतिशतले वृद्धि भई २०७१ असार मसान्तमा १०३६.११ विन्दुमा पुगेको छ । गत आर्थिक वर्षको असार मसान्तमा उक्त सूचकांक ५१८.३३ रहेको थियो । सो सूचकांक अघिल्लो वर्षको सोही अवधिमा जम्मा ३२.९९ प्रतिशतले वृद्धि भई ५१८.३ विन्दुमा रहेको थियो । नेप्से सूचकांकको वार्षिक प्रवृतिलाई निम्नानुसारको चार्टमा समेत प्रस्तुत गरिएको छ ।




*स्रोतः नेपाल स्टक एक्सचेञ्ज लि.*

# ५. समस्या तथा चुनौती र कार्ययोजना

## ५.१ समस्या तथा चुनौती

नेपालमा पूँजीबजारको स्थायी तथा दिगो विकासका लागि बोर्डबाट निम्नानुसारका समस्या तथा चुनौतीहरुलाई सम्बोधन गर्नु पर्ने देखिएको छ ।

१. नेपालमा धितोपत्र बजारको आकार वृद्धि भए सँगसँगै बोर्डको संस्थागत क्षमता अभिवृद्धि (यथासमयमा जनशक्ति वृद्धि) हुन नसकेकोले धितोपत्र बजारको नियमन तथा अनुगमनलाई सशक्त रुपले अगाडि बढाउन कठिनाई भैरहेको छ ।

२. सर्वसाधारण लगानीकर्ता र धितोपत्र व्यवसायीहरुका लागि व्यापकरुपमा प्रभावकारी वित्तीय शिक्षा तथा तालिम कार्यक्रमहरु सञ्चालन गरी धितोपत्र बजारको दिगो विकास गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।

३. विभिन्न निकायहरुको अथक प्रयासका बाबजुद अन्य क्षेत्रका कम्पनीहरु (वास्तविक क्षेत्रका कम्पनीहरु) बजारमा प्रवेश नभएकाले पुँजी बजारप्रति सर्वसाधारण लगानीकर्ताहरुको आर्कषण बढाउने कार्य चुनौतीपूर्ण रहेको छ ।

४. बजारमा संस्थागत लगानीकर्ताहरुको संख्यामा अपेक्षित वृद्धि भई नसकेको, लगानीकर्ताहरुलाई लगानीका विकल्पका रुपमा थप वित्तीय उपकरणहरु उपलब्ध नभएको तथा धितोपत्रको कारोबार Online Trading System मार्फत संचालनमा आउन नसकेको अवस्थाले गर्दा धितोपत्र बजारको विस्तार कार्य चुनौतीपूण रहेको छ ।

५. धितोपत्र बजारमा हाल उपत्यका बाहिर पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म ठूलो संख्यामा लगानीकर्ताहरू एवं गैर आवासीय नेपालीहरु तथा बिदेशी संस्थागत लगानीकर्ताहरुले समेत लगानी गर्न खोजिरहेको भएता पनि गैर आवासीय लगानीकर्ताहरुका लागि दोस्रो बजारमा लगानी सम्बन्धी स्पष्ट कार्यविधिको अभाव, विदेशी संस्थागत लगानीकर्ताहरुलाई धितोपत्रको दोस्रो बजार प्रवेश गराउन कानूनको अभाव तथा उपलब्ध धितोपत्र सम्बन्धी साधनहरुमा साधारण सेयरको मात्र बाहुल्यता तथा विकसित औजार Future, Options तथा Index futures को अभाव, विद्युतीय कारोवार प्रणाली (Internet based trading) को अभाव, सहायक दलाल व्यवसायी सेवा देशका सबै क्षेत्रमा उपलब्ध नहुनुले बजारको विस्तार कार्य चुनौतीपूर्ण रहेको छ ।

६. पूँजी बजार सम्बन्धी निरन्तर अध्ययन, अनुसन्धान, लगानीकर्ता शिक्षा तथा जनचेतना अभिवृद्धि र तालिम सेवाको संस्थागत व्यवस्थाका लागि प्रतिष्ठानको स्थापना गरी पूँजी बजारलाई दिगो एवं विश्वसनीय पूँजी परिचालनको माध्यम बनाउने कार्य कठिन एवं चुनौतीपूर्ण रहेको छ ।

७. धितोपत्रको नामसारी प्रकृया झन्झटिलो एवं लामो समय लाग्ने तथा सोका लागि काठमाडौं उपत्यकामै आउनु पर्ने अवस्था र धितोपत्र बजार सम्बन्धी जानकारी अभिबृद्धि एवं लगानी प्रशिक्षण कार्यक्रम देशका सबै क्षेत्रमा सञ्चालन नहुंदा, धितोपत्रको दोस्रो बजार सेवा काठमाडौं उपत्यका केन्द्रीत भई उपत्यका बाहिरबाट धितोपत्रको दोस्रो बजारमा पूँजी परिचालन हुन नसकिरहेकोमा यस बजारलाई देशव्यापी एवं अन्तर्राष्ट्रियकरण गर्ने कार्य कठिन एवं चुनौतीपूर्ण रहेको छ ।

८. बोर्डको आफ्नै भवन नभएकोले बोर्डका कार्यहरु प्रभावकारीरुपमा सञ्चालन गर्न कठिनाई भैरहेको छ ।

## ५.२ कार्ययोजना

उपरोक्त समस्या तथा चुनौतीहरुलाई दृष्टिगत गरी बोर्डले देहाय अनुसारको कार्ययोजना निर्धारण गरी आफ्नो काम कारवाहीलाई अगाडि बढाईरहेको छ ।

१. नेपाल धितोपत्र बोर्डको प्रस्तावित नयाँ संगठन संरचना अनुरुप थप जनशक्तिको व्यवस्थापन तथा क्षमता अभिवृद्धि गरी बोर्डको नियमनकारी कार्यलाई अझ प्रभावकारी बनाउने ।

२. धितोपत्र बजारलाई देशव्यापी तथा अन्तराष्ट्रिय स्तरको बनाउन विद्यमान कारोबार प्रणालीलाई Online Trading System को रुपमा विकास गरी दोस्रो बजार कारोबारलाई देशव्यापी बनाई देशभरका लगानीकर्ताको सहभागितामा गुणात्मक वृद्धि ल्याउन सहजीकरण गर्ने ।

३. केन्द्रीय निक्षेप प्रणालीलाई पूर्ण र निरन्तर कार्यान्वयनमा ल्याई देशको प्रमुख शहरहरुबाट धितोपत्र कारोबारको राफसाफ तथा फछ्र्यौटको व्यवस्था भरपर्दो र दिगो बनाउन सहजीकरण गर्ने ।

४. वास्तविक क्षेत्रका संगठित संस्थाहरुको उपस्थिति बढाई पूँजी बजारको दिगो विकासका लागि त्यस्ता संगठित संस्थाहरुलाई धितोपत्र बजारमा प्रवेशका लागि कर छुट लगायतका प्रोत्साहन प्याकेज प्रदान गरी आकर्षीत गर्न आवश्यक कार्य गर्ने ।

५. सूचीकृत संगठित संस्थाहरूले समयमै वित्तीय विवरणहरूको लेखा परिक्षण नगराउने, लेखा परिक्षण गरिएका विवरणहरू एक अर्को क्षेत्रका संगठित संस्थाहरू वीच तुलनायोग्य नहुने जस्ता प्रवृत्तिमा सुधार ल्याउन अन्तर्राष्ट्रिय वित्तीय विवरण प्रवाह स्तर (International Financial Reporting Standards-IFRS) लागू गरी समग्र संस्थागत क्षेत्रलाई पारदर्शी बनाउन कार्य गर्ने ।

६. संस्थागत ऋणपत्र, सामूहिक लगानी कोष तथा डिपोजिटरी सेवामा सहभागी हुने हितग्राहीको हित सुरक्षाका लागि ट्रष्टीको अपरिहार्यता रहेतापनि ट्रष्टीको नियमन सम्वन्धी व्यवस्था भई नसकेको अवस्थामा धितोपत्र वजार विकासमा सहयोग पुर्‍याउन ट्रष्टी सम्बन्धी छुट्टै ऐन तर्जुमा गर्ने ।

७. सार्वजनिक रुपमा धितोपत्र निष्काशन गरेका संगठित संस्थाहरुमा संस्थागत सु-शासन तथा संस्कृतिका विकासका लागि संस्थागत सु-शासन आचारसहिंता तयार गरी प्रभावकारी रुपमा लागू गर्ने ।

८. धितोपत्रको दोस्रो बजार प्रमुख रुपमा साधारण शेयरको कारोवारमै सीमित रहेको अवस्थामा सरकारी तथा संगठित संस्थाहरुले जारी गरेका ऋणपत्र, अग्राधिकार शेयर, डिबेन्चर र बण्डको निष्काशन कार्यलाई अभिवृद्धि गरी त्यस्तो धितोपत्रको कारोबारमा वृद्धि ल्याउने ।

९. पूँजीबजारको विकासका लागि समष्टिगत क्षेत्रमा आवश्यकता अनुसारको जनशक्ति तयार गर्न पूँजीबजार सम्बन्धी तालिम केन्द्र स्थापना गर्ने ।

१०. धितोपत्रको नामसारी तथा राफसाफ कार्यलाई छिटो छरितो बनाउन केन्द्रीय निक्षेप सम्बन्धी कार्य मुलुकको प्रमुख शहरहरुबाट गर्न सकिने व्यवस्था गर्न सहजीकरण गर्ने ।

११. बस्तुबजारको नियमनका लागि कानूनी व्यवस्था गर्न आवश्यक अन्य कार्यहरु गर्ने ।

१२. बोर्डको आफ्नै भवन निर्माणका लागि पहल गर्ने ।

<u>**अनुसूची-१**</u>

## बोर्डको नयाँ संगठन संरचना




नोट अ :अधिकृत

# नेपाल धितोपत्र बोर्ड
## जावलाखेल, ललितपुर

२०७१ आषाढ ३२ गतेको वासलात *(अपरिष्कृत)*

| विवरण | अनूसूचि | २०७१ आषाढ ३२ (रकम रु. मा) | २०७० आषाढ ३१ (रकम रु. मा) |
|---|---|---|---|
| **कोष तथा जगेडा** | | | |
| कोष तथा जगेडाहरु | १ | २३१,४८९,२२५.४२ | १८९,०६९,६२७.८३ |
| **जम्मा** | | **२३१,४८९,२२५.४२** | **१८९,०६९,६२७.८३** |
| **सम्पत्ति** | | | |
| **स्थिर सम्पत्ति** | २ | | |
| परल मुल्य | | २७,२४७,७५४.८४ | २६,९९९,४०४.३४ |
| न्युनःह्रास कट्टि | | २१,५६७,९०२.१४ | १८,७१७,५८९.८९ |
| **बाँकी मुल्य** | | **५,६७९,८५२.७०** | **८,२८१,८१४.४४** |
| **लगानी** | ३ | **२२८,८९९,४२९.३५** | **१७५,५९२,२८३.०३** |
| **चालु सम्पत्ति** | | | |
| बैंक मौज्दात | ४ | ३२,६१२,९३४.१९ | ५१,५२४,५८३.१७ |
| पेश्की, धरौटी तथा अग्रिम भुक्तानी | ५ | ७,०१४,९९७.५७ | ७,५४३,४६३.०४ |
| प्राप्त गर्नुपर्ने आम्दानी | ६ | १२,६७३,०८८.७३ | ७,३३३,६६७.०२ |
| **कुल चालु सम्पत्ति** | | **५२,३०१,०२०.४९** | **६६,४०१,७१३.२३** |
| न्युनः चालु दायित्व | ७ | (२६,२५४,२६७.००) | (३५,६२२,८७७.७९) |
| न्युन : व्यवस्था | ८ | (२९,१३६,८०६.९२) | (२५,५८३,३०१.८८) |
| **खुद चालु सम्पत्ति** | | **(३,०९०,०५३.४३)** | **५,१९५,५३३.५६** |
| **जम्मा** | | **२३१,४८९,२२५.४२** | **१८९,०६९,६२७.९०** |

# नेपाल धितोपत्र बोर्ड
## जावलाखेल ललितपुर
## २०७१ आषाढ ३२ गते सम्मको आय व्यय हिसाब *(अपरिष्कृत)*

| विवरण | अनुसूचि | २०७०/७१ (रकम रु. मा) | २०६९/७० (रकम रु. मा) |
|---|---|---|---|
| **आय तर्फ** | | | |
| श्री नेपाल सरकारबाट अनुदान | | - | - |
| धितोपत्र बजारबाट आम्दानी | ९ | ६४,६४५,४०४.७० | ६७,१९५,७९१.८४ |
| ब्याज आम्दानी | | १९,२९३,६५३.२२ | १५,६६१,३५५.७० |
| बिविध आम्दानी | १० | १,८५४,७७३.७२ | १,७७०,८८२.७४ |
| **जम्मा आम्दानी** | | **८५,७९३,८३१.६४** | **८४,६२८,०३०.२८** |
| **व्यय तर्फ** | | | |
| कर्मचारी खर्च | ११ | २१,०२७,४४३.२५ | १९,१६०,३४६.७८ |
| अन्य प्रशासकिय खर्च | १२ | १७,८८७,८०९.७१ | १९,१८८,३११.३० |
| ह्रास कट्टि खर्च | २ | २,८५०,३१३.०६ | ३,३८९,७६१.४२ |
| अपलेखन खर्च (ब्याज आम्दानीमा अग्रिम कर कट्टी) | | - | - |
| **जम्मा खर्च** | | **४१,७६५,५६६.०२** | **४१,७३८,४१९.५०** |
| **वचत (व्यय भन्दा बढी भएको आय)** | | **४४,०२८,२६५.६२** | **४२,८८९,६१०.७८** |
| **कुल वचत** | | **४४,०२८,२६५.६२** | **४२,८८९,६१०.७८** |
| **बाँडफाँड** | | | |
| अक्षय कोष | | | १०,७२२,४०२.७० |
| साधारण जगेडा कोष | | | ३०,०२२,७२७.५५ |
| कर्मचारी कल्याण कोष | | | २,१४४,४८०.५४ |
| **कुल बाँडफाँड** | | **४४,०२८,२६५.६२** | **४२,८८९,६१०.७९** |

# नेपाल धितोपत्र बोर्ड
## जावलाखेल, ललितपुर

### २०७१ आषाढ ३२ गते सम्मको नगद प्रवाह विवरण

| विवरण | २०७०।७१ (रकम रु.) | २०६९।७० (रकम रु.) |
|---|---|---|
| **सञ्चालन गतिविधिको नगद प्रवाह** | | |
| यस वर्षको बाँडफाँट पुर्वको वचत | ४४,०२८,२६५.६२ | ४२,८८९,६१०.७८ |
| जोडः ह्रस कट्टि खर्च | २,८५०,३१३.०६ | ३,३८९,७६१.४२ |
| जोडः उपदान खर्च व्यवस्था | २,८०७,२९०.३२ | १,३०३,८६४.४९ |
| जोडः औषधि खर्च व्यवस्था | ३,२३२,१४१.२५ | ४,३५८,५५५.९१ |
| जोडः कर्मचारी बिदा खर्च व्यवस्था | - | - |
| जोडः कर्मचारी बिमा खर्च व्यवस्था | - | - |
| न्युनः स्थिर सम्पति बिक्री बाट आम्दानी | - | - |
| न्युनः SDMS परियोजना अर्न्तगत प्राप्त सम्पत्तिको ह्रासकट्टी वापत आय | (१,६०८,६६८.०३) | (१,५९३,६७२.७५) |
| न्युनः ब्याज आम्दानी | (१९,२९३,६५३.२२) | (१५,६६१,३५५.७०) |
| **कार्यशिल पुँजि पूर्वको संचालन नगद प्रवाह** | **३२,०१५,६८९.००** | **३४,६८६,७६४.१५** |
| न्युनः चालु सम्पत्तिमा कमि/(बृद्धि) | (४,०४८,२५९.७४) | (५,४८६,२९१.१२) |
| न्युनः चालु दायित्वमा बृद्धि/(कमि) | (११,८५४,५३७.१६) | १३,०८८,२१०.८८ |
| न्युनः कर्मचारी कल्याणकोषमा भुक्तानी | - | - |
| **संचालन गतिविधिबाट नगद प्रवाह** | **१६,११२,८९२.१०** | **४२,२८८,६८३.९१** |
